का.जि.प्र.का.द.नं. १००/०५९/६०
११ माघ २०८२
आइतबार
25 January 2026
Sunday
नेपाल संवत् ११४६
मूल्य रु. ५/-

# मध्यान्ह

राष्ट्रिय दैनिक

इपेपर हेर्नु

वर्ष २४, अंक ३। पृष्ठ ८ | Madhyanha National Daily | www.madhyanhadaily.com

**चुनावी सुरक्षा रणनीति**

## ३६ सय मतदानस्थल अतिसंवेदनशील

निर्वाचन आयोगले १० हजार ९ सय ६७ मतदानस्थल र २३ हजार १ सय १२ मतदान केन्द्र तय गरेको छ। निर्वाचन सुरक्षाका दृष्टिकोणले मतदानस्थललाई अतिसंवेदनशील, संवेदनशील र सामान्य गरी तीन वर्गमा विभाजन गरिएको छ। जसमा ३ हजार ६ सय ८० मतदानस्थल अति संवेदनशील सूचीमा छन्।

**जीवन शर्मा/मध्यान्ह**
काठमाडौं, १० माघ

मुलुक निर्वाचनमय बन्दै जाँदा सुरक्षा संवेदनशीलताको विषय गम्भीरताका साथ हेरिन्छ। सामान्य अवस्थामा नियमित हुने निर्वाचनभन्दा यो निर्वाचन फरक परिवेशमा हुन लागेकाले अझ बढी संवेदनशील र महत्वका साथ हेरिएको छ।


जेनजी आन्दोलनपछि उत्पन्न परिस्थितिलाई सामान्यीकरण गर्दै संविधान र वर्तमान व्यवस्थाअनुसार मुलुकलाई ट्र्याकमा ल्याउन सरकारले फागुन २१ मा प्रतिनिधि सभाको निर्वाचन गर्दै छ। आन्दोलनका क्रममा लुटिएका हतियार भागेका आधा जति कैदीबन्दी अझै बाहिरै छन्। चुनावी सुरक्षा चुनौतीका रूपमा यिनै विषयलाई लिइएको छ। त्यसका अलावा सरकारले ३ हजार ६ सय ८० वटा मतदानस्थललाई अति संवेदनशीलको सूचीमा सूचीकरण गरेको छ। सुरक्षा संयन्त्रहरूको सामूहित अध्ययनपछि मतदानस्थल र मतदान केन्द्रको वर्गीकरण गर्दै करिब ११ हजार मतदानस्थलमध्ये सुरक्षाका दृष्टिले एकतिहाइ स्थान 'अति संवेदनशील' सूचीमा समेटिएको जनाएको छ।

प्रतिनिधि सभा सदस्यतर्फ २ सय ७५ सिटमा निर्वाचन हुँदै छ। जसमा १ सय ६५ प्रत्यक्ष र १ सय १० सिट निर्वाचनबाट टुंगो लाग्नेछ। त्यसका लागि निर्वाचन आयोगले १० हजार ९ सय ६७ मतदानस्थल र २३ हजार १ सय १२ मतदान केन्द्र तय गरेको छ। नेपाल प्रहरीका



**निर्वाचन प्रहरीको अन्तर्वार्ता**

*पर्सामा निर्वाचन प्रहरी छनोटको लागि भएको अन्तर्वार्तामा सहभागीहरु। यहाँ नेपाल प्रहरी र सशस्त्र प्रहरी दुवैतर्फ गरेर दुई हजार ८५२ जना आवेदन माग गरेको छ। तस्बिरः हिमाल लम्साल/रासस*



निर्वाचन निष्पक्ष र भयरहित बनाउन प्रहरी संगठन पूर्ण कटिबद्ध छ। चुनावी सुरक्षाका विविधि पक्षलाई सूक्ष्म अध्ययन गरेर सुरक्षा योजना बनाएका छौं।

**● अविनारायण काफ्ले**
**प्रहरी प्रवक्ता**

केन्द्रीय प्रवक्ता प्रहरी नायब महानिरीक्षक अविनारायण काफ्लेले निर्वाचन सुरक्षाका लागि मतदानस्थललाई अतिसंवेदनशील, संवेदनशील र सामान्य गरी तीन वर्गमा विभाजन गरिएको बताए। 'यसपटकको निर्वाचनमा ४ हजार ४ सय ४२ मतदानस्थल संवेदनशील र २ हजार ८ सय ४५ स्थललाई सुरक्षा सामान्य सूचीमा राखिएको छ,' उनले भने, 'तीन हजार ६ सय ८० वटा मतदानस्थललाई अति संवेदनशीलका रूपमा वर्गीकरण गरिएको छ।'

यसरी वर्गीकरण गर्दा राजनीतिक दलबीच हुने प्रतिस्पर्धा, संलग्न दलको पकड क्षेत्र, अन्तर्राष्ट्रिय सीमा इलाका, विगतमा संसद्मा सामेल दल, नवउदीयमान शक्तिलगायतबीच हुने प्रतिस्पर्धा, सीमा जोडिएका जिल्लालगायत विषयलाई प्राथमिकता दिइएको प्रहरी प्रवक्ता काफ्लेले बताए। त्यस्तै, उच्च हिमाली, हिमाली, पहाडी, तराई, सहरी, सहरोन्मुख र ग्रामीण इलाकालाई समेत जोखिमका आधारमा फरकफरक रूपमा वर्गीकरण गरिएको छ। वर्गीकरणका आधारमा सुरक्षा संवेदनशीलतालाई मध्यनजर गर्दै नियमित रूपमा प्रहरी परिचालन गरी सबै मतदानस्थलमा सुरक्षा व्यवस्था मजबुद बनाइसकेको प्रहरीले जनाएको छ। 'यसपटक चुनावी सुरक्षाका विधि पक्षलाई सूक्ष्म अध्ययन गरेर सुरक्षा योजना बनाएका छौं,' प्रवक्ता काफ्लेले मध्यान्हसँग भने, 'निर्वाचनलाई निष्पक्ष र भयरहित वातावरणमा सम्पन्न गराउन नेपाल प्रहरी »» पृष्ठ २ मा




## कारागारमा झडप, निरीह प्रहरी

**सपना बोहरा/मध्यान्ह**
काठमाडौं, १० माघ

सानोठिमी बाल सुधार गृहमा माघ ८ गते राति कैदी-कैदीबीच झडप भयो। झडपमा १३ जना घाइते भए। घाइतेमध्ये दुई जना अस्पतालमा उपचाररत छन्। झडपको क्रममा आगजनीसमेत भयो। स्थिति नियन्त्रणमा लिन प्रहरी टोली सुधार गृहभित्र छिर्न खोजे पनि सुधार गृहमा रहेकाहरूले ढुंगामुढा गरेपछि प्रहरी रोकिएको थियो। झडपपछि १ सय ६२ जनालाई स्थानान्तरण गरी सुधार गृह खाली गराइएको छ।

सुधार गृहमा एक पक्षले अर्को पक्षलाई हेप्ने, पिट्ने गरेपछि झडप भएको जिल्ला प्रहरी परिसर भक्तपुरका प्रवक्ता तथा डिएसपी प्रकाश जगेबुले बताएका छन्।

उक्त बाल सुधार गृहमा जम्मा १ सय ६४ जना थिए। आगजनी लगाएर भवन ध्वस्त बनाएपछि अहिले सबैलाई स्थानान्तरण गरिएको छ। उनीहरूलाई जिल्ला प्रहरी परिसर काठमाडौं र भक्तपुरको बालसुधार निगरानी कक्षमा राखिएको छ।

सुधार गृहमा मात्रै होइन। कारागारमा पनि कैदी कैदीबीच झडप हुने गरेको छ। झडपमा कैदीले ज्यान नै गुमाएका छन्



भने कारागारका भौतिक संरचनासमेत क्षति पुऱ्याएका छन्।

त्यस्तै, गत साउन २४ गते कैलाली कारागारमा कैदीबन्दीबीच झडप हुँदा एक जना कैदीबन्दीको मृत्यु भयो। अन्य ४७ जना घाइते भए।

झडपमा कैदीबन्दी भरत चौधरीको मृत्यु भएको थियो। घाइते ४७ जनाको सेती प्रादेशिक अस्पतालमा उपचार गरिएको थियो। त्यति मात्रै होइन त्यही कारागारमा २८ असारमा पनि कैदीबन्दीहरूले कुटाकुट गरेका थिए। त्यस समयमा कारागारका नाइके खगेन्द्र बोगटी कुटिएका थिए।

नाइकेमाथि कुटपिट भएपछि कैदीबन्दीहरूले जेलर वसन्त खत्रीविरुद्ध नाराबाजीसमेत गरेका थिए। त्यस्तै साउन २६ गते अछाम जिल्लाको कारागारमा पनि कैदीबीच अचानक झडप भयो। कारागारभित्र रहेका कैदीबन्दीहरूले आक्रोशित हुँदै तोडफोड तथा आगजनीको प्रयास गरे। जसले गर्दा अवस्था तनावपूर्ण बन्यो। प्रहरीका अनुसार केही कैदीहरूले जेल प्रशासनको निर्णयप्रति असन्तुष्टि जनाउँदै आन्दोलनमा उत्रिएको बताएका थिए। उनीहरूले जेलका केही भागमा तोडफोड गर्नुका साथै आगजनीको प्रयाससमेत गरे। घटनास्थलमा प्रहरी र सशस्त्र प्रहरीको अतिरिक्त बल परिचालनसमेत गरेर नियन्त्रण लिइएको थियो। झडपमा परी केही कैदी घाइतेसमेत भए।

पुराना कारागार, त्यसमा कैदीहरू दिनहुँ प्रायः थपिँदै छन्। कारागारमा नै कैदीबीच झडप हुने घटना बाहिरिएका छन्। कारागार व्यवस्थापन विभागमा भने घटनाको यकिन विवरण छैनन्। तर समयसमयमा कारागारमा कैदीहरूको झडप भइरहन्छ।

गृहमन्त्री अर्यालले भने सानोठिमी बालगृहमा आधारभूत मानवअधिकार परिपूर्तिका लागि सम्बन्धित सबैलाई ध्यानाकर्षण गराएका छन्। 'कुनै पनि किसिमको दण्डहीनता स्वीकार्य हुँदैन,' उनले भने, 'यस्ता समस्या दोहोरिन दिनुहुँदैन।' उनले आफ्ना मातहतका निकाय तथा सुरक्षा निकायका पदाधिकारीलाई तयारी रहन निर्देशनसमेत दिए। »» पृष्ठ २ मा

**वैदेशिक रोजगार विशेष**

## कोरियामा कामदार दुर्घटनामा घाइते हुने क्रम बढ्यो

**मध्यान्ह संवाददाता**
काठमाडौं, १० माघ

दक्षिण कोरियामा आप्रवासी कामदार औद्योगिक दुर्घटनामा घाइते तथा अंगभंग हुने क्रम बढेको छ। सन् २०२० मा ८ हजार ६२ जना आप्रवासी कामदार दुर्घटनामा परेको दक्षिण कोरियामा सन् २०२२ मा ८ हजार ८ सय ८६ र सन् २०२४ मा उक्त संख्या १० हजार १ सय ६१ पुगेको छ। त्यसमा नेपाली कामदारहरूको संख्या उल्लेख्य रहेको »» पृष्ठ २ मा

### जर्घा मगरको नेतृत्वमा मगर व्यवसायी समाजको नयाँ कार्यसमिति

**काठमाडौं/मस-** नेपाल मगर व्यवसायी समाजको अध्यक्षमा ओमबहादुर जर्घा मगर सर्वसम्मतिले निर्वाचित भएका छन्। शनिबार सम्पन्न समाजको ११औं वार्षिक साधारण सभापछि भएको कार्यसमितिको »» पृष्ठ २ मा



**राष्ट्रिय सभा चुनाव : आज मतदान**

## कांग्रेस–एमाले तालमेल यथावत्

राष्ट्रिय सभा निर्वाचनमा नेपाली कांग्रेस र नेकपा एमालेले भागबन्डाका आधारमा क्रमशः नौ र आठ सिटमा उम्मेदवारी दिएका छन्। बाँकी एउटा पदमा लोकतान्त्रिक समाजवादी पार्टी (लोसपा)का उम्मेदवार महन्थ ठाकुरलाई समर्थन गरेका छन्।

**दिवाकर अधिकारी/मध्यान्ह**
काठमाडौं, १० माघ

राष्ट्रिय सभामा रिक्त हुन लागेका १९ मध्ये १८ पदका लागि आज निर्वाचन हुँदै छ। निर्वाचन आयोगका अनुसार राष्ट्रिय सभा सदस्यको निर्वाचनको सबै तयारी पूरा भएको छ। सातवटै प्रदेशमा मतदान केन्द्र छ। मतदान केन्द्रमा बिहान ९ बजेदेखि दिउँसो ३ बजेसम्म मतदान हुनेछ।

निर्वाचन आयोगका सहसचिव एवं प्रवक्ता नारायणप्रसाद भट्टराईका अनुसार राष्ट्रिय सभाका १९ जना सदस्यको कार्यकाल आगामी फागुन २० मा सकिँदै



छ। त्यसमध्ये एक जना राष्ट्रपतिबाट मनोनीत हुन्। बाँकी १८ सदस्य निर्वाचनबाट आउनेछन्।

राष्ट्रिय सभा सदस्य निर्वाचनका लागि अन्तिम मतदाता नामावलीमा नाम कायम भएका मतदाताहरूले मतदान गर्न पाउनेछन्। राष्ट्रिय सभा सदस्यको निर्वाचनमा प्रदेश सभा »» पृष्ठ २ मा

योग गरौं, स्वस्थ जीवन अपनाऔं

- नियमित व्यायाम तथा योगले तनावबाट राहत दिन्छ ।
- योग अभ्यासले शरीरलाई लचिलो, मनलाई शान्त र सोचलाई सकारात्मक बनाउँछ ।
- नियमित योगले उच्च रक्तचाप, मधुमेह, मोटोपन तथा तनावजन्य रोग नियन्त्रण गर्न मद्दत गर्छ।
- बिहान वा साँझ कम्तीमा ३० मिनेट योग अभ्यास गर्ने बानी बसालौं।
- योग गर्दा स्वच्छ वातावरण, खाली पेट र सहज आसनको प्रयोग गरौं।
- बालबालिका, युवा, वृद्ध सबैका लागि योग लाभदायक छ।
- योग उपचारात्मक भन्दा रोग निरोधात्मक विधि हो।

योग गरौं: स्वास्थ्य बनौं।

नेपाल सरकार
विज्ञापन बोर्ड

**३६ सय...**
संगठन पूर्ण रूपमा कटिबद्ध छ । हामीले सम्पूर्ण मतदाता, आमनागरिक तथा राजनीतिक दलको सुरक्षाका लागि आवश्यक तयारी गरिसकेका छौं ।'

शान्ति सुरक्षाको विषय लिएर कसैले डर वा त्रास मान्नुपर्ने अवस्था नरहेको उनको जिकिर छ । देशभर शान्ति, सुव्यवस्था र अमनचयन कायम गर्न आवश्यक व्यवस्थाका लागि प्रहरी संगठन सबै सुरक्षा निकायको समन्वयमा अलर्ट भएको काफ्लेले बताए ।

२०७९ मा भएको प्रतिनिधि सभा तथा प्रदेश सभा निर्वाचनमा १० हजार ८ सय ७९ मतदानस्थल र २२ हजार २ सय २७ मतदान केन्द्र कायम राखिएको थियो। यसपटक ७५ वटा मतदानस्थल र ८ सय ७५ केन्द्र थपिएका छन् । अघिल्लो निर्वाचनमा १ करोड ७९ लाख ८८ हजार ५ सय ७० मतदाता थिए । यसपटक सवा ९ लाख मतदाता थप हुँदा १ करोड ८९ लाख ३ हजार ६ सय ८९ मतदाता पुगेको निर्वाचन आयोगले जनाएको छ । थपिएका मतदाताको अनुपात मिलाएर मतदानस्थल र केन्द्र विस्तार गरिएको आयोगका सूचना अधिकारी सुमन घिमिरेले जानकारी दिए । 'विगतमा नेपाल प्रहरीलाई मतदानस्थल र मतदान केन्द्रको भित्री भाग र जोखिमका आधारमा सेना तथा सशस्त्र प्रहरीलाई खटाउने तयारी भएको छ,' उनले भने । यसपटक निर्वाचन सुरक्षामा नेपाली सेना, नेपाल प्रहरी, सशस्त्र प्रहरी, राष्ट्रिय अनुसन्धान विभाग र 'निर्वाचन प्रहरी' गरी ३ लाखभन्दा बढी सुरक्षाकर्मी परिचालन हुनेछन् । जसमा नेपाली सेनाका ७९ हजार ७ सय २७, प्रहरीका ७१ हजार ६ सय २०, सशस्त्र प्रहरीका ३५ हजार १ सय १६, अनुसन्धान विभागका १ हजार ९ सय कर्मचारी खटाउने सरकारको तयारी छ। त्यस्तै, सरकारले 'निर्वाचन प्रहरी भर्ना, छनोट नियुक्ति र परिचालनसम्बन्धी मापदण्ड-२०८२' बनाएर निर्वाचन सुरक्षाका लागि १ लाख ४९ हजार ९० जना निर्वाचन प्रहरी भर्ना गर्ने गरी मापदण्ड बनाएको छ । यद्यपि कतिपय जिल्लामा निर्वाचन प्रहरी संख्या मागअनुसार अपुग भएका छन् । त्यसका लागि केही समय थपसमेत गरेर आवेदन माग गरिएको प्रहरीको भनाइ छ । उनीहरूलाई ४० दिनको कार्याअवधि तोकेर खटाउने गृह मन्त्रालयले जनाएको छ । गृह मन्त्रालयका प्रवक्ता आनन्द काफ्लेले निर्वाचन प्रहरी छनोट र तालिमको काम सकिएसँगै सुरक्षा संवेदनशीलताका आधारमा वर्गीकरण गरिएका प्रदेश, जिल्ला, निर्वाचन क्षेत्र, पालिका, वडा र वडाभित्रका पनि मतदानस्थल र मतदान केन्द्रमा आवश्यक सुरक्षा व्यवस्थाका अन्तिम तयारीमा रहेको बताए । मन्त्रालयले सातवटै प्रदेशमा सुरक्षा गोष्ठी गरेर आवश्यक तयारी गरेको प्रवक्ता काफ्लेको भनाइ छ ।

**कारागारमा...**
बालबालिका ऐन, २०७५ ले बालबालिकाले गरेको कसुर अपराध नभई गल्ती हो भन्ने मनसायमा अपराध गरेका बालबालिकालाई सुधार र पुनर्स्थापनाका लागि बाल सुधार गृह स्थापना गरिने व्यवस्था गरेको र सोहीबमोजिम अदालतले १८ वर्षभन्दा कम उमेरका अपराधमा संलग्नलाई सुधार गृह पठाउने गर्दै आएको छ ।

अदालतले तोकेको अवधि पूरा नगरेसम्म १८ वर्ष उमेर नाघे पनि सुधार गृहमै बस्न पाउने सुविधा दिएको छ । बालबालिकासम्बन्धी ऐनको दफा ४३ (४) मा '१८ वर्ष पुगेमा बानीबेहोरामा आएको सुधार, आर्जन गरेको सिप तथा शिक्षालाई ध्यानमा राखी बाँकी अवधि अन्य बालबालिकाबाट अलग राख्न दुवै मन्त्रीले अर्थ मन्त्रालय, महिला बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय, कारागार व्यवस्थापन विभागलगायत निकायको समन्वयमा १८ वर्षमाथिका बालबिज्याइँकर्तालाई यथाशीघ्र स्थानान्तरण गर्न आफ्ना मातहतका निकाय तथा अधिकारीहरूलाई निर्देशन दिएका थिए ।

कारागार व्यवस्थापन विभागका निर्देशक चोमेन्द्र न्यौपानेले कैदीकैदीबीच मतभेदले कारागारमा झडप हुने गरेको उनले बताए । 'विभिन्न अपराधमा संलग्न भएर कारागारमा आएका हुन्छन्,' उनले भने, 'मतभेद हुन्छ अनि कैदीकैदीबीच झडप हुन्छ ।' क्षमताभन्दा बढी कैदी भएका कारण पनि कैदीबीच झगडा हुने गरेको उनले बताए । 'अधिकांश कारागारमा क्षमताभन्दा बढी कैदी छन्,' उनले भने, 'क्षमताभन्दा वढी कैदी भएर नै झडप भएको चाहिँ भन्न मिल्दैन ।' उच्छृंखल गतिविधि गर्नेलाई सम्झाइबुझाइ गर्ने र अन्यत्र कारागार सारिने उनले बताए । 'झडप भएका कारागारमा प्रहरीले समयमा नियन्त्रण लिने गरेको छ,' उनले भने ।

**कोरियामा...**
त्यहाँका सञ्चारमाध्यमहरूले उल्लेख गरेका छन् ।

फार्ममा काम गर्दा हातका चार औंला गुमाएका कारण औषधिको झोला र कृत्रिम हात लगाउन बाध्य नेपाली कामदार सुमेश वर्माको तस्बिरसहित छापिएको समाचारमा औद्योगिक दुर्घटनाहरू आप्रवासी कामदारका लागि कठोर बनेको उल्लेख छ ।

३८ वर्षीय वर्मा सन् २०२३ मा उत्तरी जेओला प्रान्तको एक कृषिको फार्ममा दाना मिलाउने मेसिनमा परेर दुर्घटनामा परेका थिए । अनुसन्धान प्रतिवेदनअनुसार आप्रवासी कामदारहरूमा औद्योगिक दुर्घटना मृत्यु दर घरेलु कामदारहरूको तुलनामा साढे तीन ३ गुणा बढी देखिएको छ ।

कार्यस्थलमा हुने दुर्घटनामा घाइते भएका आप्रवासी कामदारहरूले दायर गरेको औद्योगिक दुर्घटना दाबीको संख्या पनि लगातार बढेको बताइएको छ ।

नेपाल सरकारले सफल ठानेको रोजगार अनुमति प्रणाली (इपिएस) बारे कोरियाभित्र भने व्यापक असन्तुष्टि बढेको छ। इपिएसअन्तर्गत लगिएका कामदारहरूलाई कार्यस्थल परिवर्तन गर्न प्रतिबन्ध लगाइँदा उनीहरू प्रायः मौन बस्नुपर्ने बाध्यता रहेको लामो समाचार केही समयअघि कोरियन दैनिक 'द कोरिया हेराल्ड'ले पनि छापेको थियो ।

नेपाली कामदार विशाल बिकको पीडामा आधारित सो समाचारमा उनलाई एक धातु कम्पनीमा काम गर्न भिसा दिइएको भएपनि प्लेटिङको काम दिएर अन्याय गरेको उल्लेख थियो । बारम्बार धातुका ठुलाठुला पार्टपुर्जा उठाउनु र बोक्नु पर्दा हातमा चोट पुऱ्यायो । शारीरिक असरको अतिरिक्त उनलाई मौखिक रूपमा दुर्व्यवहार गरी जुत्ताले कुटपिट गरी अनुहारमा तातो कफी पनि फ्याँकिएको थियो ।

लामो समय समस्या भोगेपछि उनले आफ्नो रोजगारदातालाई घर फर्किने अनुमति मागे । तर बदलामा हाकिमले उनलाई काम र तलब दिन बन्द गरे भने अर्को कम्पनीमा स्थानान्तरणका लागि अनुमति पनि दिएनन् ।

नेपालमा अत्यन्तै आकर्षक मानिएको इपिएस प्रणालीको रोजगारको भित्री भागमा दर्दनाक पीडा लुकेको पीडित कामदारहरूको भनाइ छ। खाडी तथा मलेसिया जस्तो सहज तरिकाले पीडाको सुनुवाइ नभएर निस्सासिएर काम गर्नुपर्ने कतिपयको भनाइ छ ।

**जर्घा...**
निर्वाचनमा निवर्तमान महासचिव जर्घामगर अध्यक्षमा निर्विरोध निर्वाचित भएका हुन् ।

साधारण सभाले व्यवसायी जर्घा मगरको अध्यक्षतामा समाजको १४ सदस्यीय नयाँ कार्यसमिति निवार्चित गरेको हो । कार्यसमितिको प्रथम उपाध्यक्षमा प्रितमबहादुर मगर, द्वितीय उपाध्यक्षमा मेघबहादुर मगर र तृतीय उपाध्यक्ष विरेन्द्र राना निर्वाचित भएका छन् । महासचिवमा डिल्लीराम भुजेल मगर, सचिवमा राधिका आले मगर र कोषाध्यक्षमा धनु सिञ्जाली मगर निर्वाचित भएका छन् । सिञ्जाली संघ कार्यसमितिकी पनि कोषाध्यक्ष हुन् ।

सदस्यहरूमा श्याम थापा मगर, राजकुमार मगर, शेरबहादुर पुर्वाछाने मगर, शान्ता थापा मगर, हर्षबहादुर आले मगर, खगेन्द्र आले मगर र बासु आले मगर निर्वाचित भएका छन् ।

समाजका अध्यक्ष जर्घा मगरले मगर समुदायबाट वैदेशिक रोजगारमा रहेका व्यवसायीहरूलाई समेटेर नेपाल वैदेशिक रोजगार व्यवसायी संघले अघि बढाउने व्यावसायिक हकहितका विषयमा सहकार्य गरेर अघि बढ्ने बताए ।

निवर्तमान अध्यक्ष पदमबहादुर आले मगरको सभापतित्वमा भएको साधारण सभाको उद्घाटन नेपाल वैदेशिक रोजगार व्यवसायी संघका अध्यक्ष भुवनसिंह गुरुङले गरेका थिए । साधारणसभा सफलताको कामना गर्दै अध्यक्ष गुरुङले संघको वर्तमान कार्यसमिति कसैसँग अनावश्यक रूपमा मोलाहिजा नगरी व्यवसायी र कामदारको हितमा प्रतिबद्ध रहेको बताए ।

उनले संघले उठाएका एजेन्डामा मगर समाजजस्ता घटक संस्थाहरूलाई गोलबन्द गर्दै अघि बढ्ने पनि बताए । कार्यक्रममा संस्थापक अध्यक्ष पुष्पबहादुर आले मगर, सल्लाहकार बाबुलाल मगर (नरेन्द्र), सल्लाहकार सिङ्गा मगर, कीर्तिमान मगरलगायतको उपस्थिति रहेको थियो ।

**कांग्रेस...**
सदस्य र स्थानीय तहका प्रमुख एवं पदाधिकारी मतदाता हुन्छन् । सातवटै प्रदेशमा ५ सय ५० प्रदेश सभा सदस्य छन् । ७ सय ५३ स्थानीय तहका प्रमुख र उपप्रमुख गरी स्थानीय तहका पदाधिकारीतर्फ मात्रै १ हजार ५ सय ६ मतदाता रहन्छन् । मतदान गर्न जाँदा उनीहरूले पाँच किसिमका कागजातमध्ये एउटा लैजानुपर्नेहुन्छ ।

निर्वाचन आयोगबाट जारी भएको मतदाता परिचयपत्र, निर्वाचन अधिकृतबाट प्रदेश सभाको सदस्यमा निर्वाचित हुँदा उपलब्ध गराइएको प्रमाणपत्र, निर्वाचन अधिकृतबाट गाउँपालिकाको अध्यक्ष र उपाध्यक्ष तथा नगरपालिकाको प्रमुख र उपप्रमुखमा निर्वाचित हुँदा उपलब्ध गराइएको प्रमाणपत्र भए पनि मतदान गर्न पाइनेछ ।

प्रदेश सभा सचिवालय वा स्थानीय तहले उपलब्ध गराएको सम्बन्धित पद खुलाएको परिचयपत्र, नेपाली नागरिकताको प्रमाणपत्र र राष्ट्रिय परिचयपत्र जुन भए पनि एउटा प्रमाण चाहिन्छ ।

निर्वाचन आयोगका अनुसार १८ पदका लागि ४४ जनाले उम्मेदवारी दिएका छन् । जसमध्ये कांग्रेस र एमालेले भागबन्डा गरेर क्रमश नौ र आठ सिटमा उम्मेदवारी दिएका छन्। बाँकी एउटा पदमा लोकतान्त्रिक समाजवादी पार्टी (लोसपा)का उम्मेदवार महन्थ ठाकुरलाई समर्थन गरेका छन् ।

कोशी प्रदेशबाट तीन जना, मधेश प्रदेशबाट चार जना, बागमती र गण्डकी प्रदेशबाट दुई/दुई जना, लुम्बिनी प्रदेशबाट तीन जना, कर्णाली र सुदूरपश्चिम प्रदेशबाट दुई/दुई जना राष्ट्रिय सभा सदस्य निर्वाचित हुँदै छन् ।

भागबन्डाअनुसार मधेश प्रदेशमा कांग्रेसबाट सुनिलबहादुर थापा, एमालेबाट रोशनी मेचे र सोम पोर्तेल उम्मेदवार छन् । कोशी प्रदेशमा कांग्रेसका धमेन्द्र पासवान, रन्जित कर्ण र एमालेका रेखा झा उम्मेदवार छन् ।

बागमती प्रदेशमा कांग्रेसले गीता देवकोटा र एमालेले प्रेम दंगाललाई उम्मेदवार बनाएको छ । गण्डकी प्रदेशमा कांग्रेसबाट जगत तिमिल्सिना र एमालेबाट र सम्झना देवकोटा उम्मेदवार छन् । लुम्बिनी प्रदेशमा कांग्रेसबाट वासुदेव जंगली र चन्द्रबहादुर केसी, एमालेबाट रामकुमारी झाक्री उम्मेदवार छन् ।

कर्णाली प्रदेशमा कांग्रेसबाट ललितजंग शाही, एमालेबाट मिना रखाल, सुदूरपश्चिम प्रदेशमा कांग्रेसका खम्मबहादुर खाती र एमालेका लीला भण्डारी उम्मेदवार रहेका छन् ।

नेताहरूका अनुसार राष्ट्रिय सभा चुनावमा कांग्रेस र एमाले तालमेल यथावत् छ । तालमेलको निर्णय हुँदा कांग्रेस सभापतिमा शेरबहादुर देउवा थिए । विशेष महाधिवेशनबाट गगन थापा सभापति भएका छन् । देउवा नेतृत्वको केन्द्रीय कार्यसम्पादन समितिको बैठकबाट निर्णय नै गरेर एमालेसँगको तालमेल भएको थियो। विशेष महाधिवेशनबाट आएको नेतृत्वले पूर्वनेतृत्वले निर्णय गरेअनुसार राष्ट्रिय सभा निर्वाचनमा एमालेसँगको तालमेललाई यथावत् रहेको छ ।

नेपाली कम्युनिस्ट पार्टीले भने सबैतिर एकल उम्मेदवारी दिएको छ।


## गेरुवा गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय
**पशुपतिनगर, बर्दिया**
**लुम्बिनी प्रदेश, नेपाल**

### बोलपत्र स्वीकृत गर्ने आशयको सूचना ।
**(सूचना प्रकाशित मिति : २०८२/१०/११)**

यस कार्यालयको तपशिलको मितिमा प्रकाशित विद्युतिय बोलपत्र आह्वान सम्बन्धि सूचना अनुसार तपशिलमा उल्लेखित ठेक्काको लागि दर्ता हुन आएका बोलपत्रहरू मध्ये तपशिलको बोलपत्र, बोलपत्र मूल्यांङ्कन समितिबाट न्यूनतम् मूल्याँङ्कित सारभूत रुपमा प्रभाग्राही भई स्वीकृतिको लागि छनौट भएकोले सार्वजनिक खरिद ऐन २०६३, को दफा २७ को उपदफा (२) र दफा ४७ (१) को प्रयोजनार्थ सम्बन्धित बोलपत्रदाताहरूको जानकारीको लागी यो ७ (सात)दिने आशाय सूचना प्रकाशित गरिएको छ ।

**तपशिल**

| क्र.सं | सूचना प्रकाशित मिति | ठेक्का नं. | कामको विवरण | सारभूत रुपमा प्रभावग्राही बोलपत्रदाताको नाम, ठेगाना | कबोल अंङ्क (भ्याट र पि.एस.सहित) |
|---|---|---|---|---|---|
| १ | २०८२/८/२३ (मध्यान्ह राष्ट्रिय दैनिक) | W/GRM/SQW /02/2082/83 | Banjariya shiv tharuko ghar najik culvert nirman | श्री निरौला विल्डर्स गेरुवा ५, बर्दिया | रु.३९८२७७०९(अक्षरेपी तीन लाख अन्ठानब्बे हजार दुइ सय सतहत्तर र पैसा नौ मात्र) |
| २ | | W/GRM/SQW /07/2082/83 | Bhairampur khutena kulo ma wall nirman | श्री प्रणायाम कन्स्ट्रक्सन गेरुवा ६, बर्दिया . | रु.९१९८७२।६१ (अक्षरेपी : नौ लाख उन्नाइस हजार आठ सय बहत्तर र पैसा एकसट्ठी मात्र) |

**प्रमुख प्रशासकीय अधिकृत**

## पालुङटार नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
**पालुङटार गोरखा**

### आर्थिक प्रस्ताव खोल्ने सम्बन्धी सूचना
**प्रकाशित मिति : २०८२/१०/११**

यस कार्यालयबाट मिति २०८२/०६/०५ र २०८२/०७/१६ गते प्रकाशित बोलपत्र आव्हानको सूचना र bolpatra.gov.np/egp मार्फत प्राप्त हुन आएका प्राविधिक बोलपत्र प्रस्तावहरुको परीक्षणमा सफल भएका तपशिल बमोजिमका बोलपत्रदाताहरूले पेश गरेको आर्थिक प्रस्ताव मिति २०८२/१०/१८ गते (01, Feb 2026) दिनको १:०० बजे यस न.पा.को कार्यालयमा bolpatra.gov.np/egp मार्फत खोलिने भएको हुदाँ सार्वजनिक खरिद नियमावली २०६४ (संशोधन सहित) को नियम ३१ (ङ) को उपनियम ५ अनुसार सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

**तपसिलः**

| ठेक्का नं. | ठेक्का नं. विवरण | प्राविधिक प्रस्तावमा सफल बोलपत्रदाताको नाम र ठेगाना |
|---|---|---|
| PMUN/NCB/ WORKS/2082/83-16 | Upgrading Works of Luintel Ooprik Kalamata Road Project, Palungtar-04 & 06, Gorkha | 1.M/S Sadashiva Infra Pvt.Ltd. Pepsicola Kathmandu<br>2.M/S Krischal Construction Pvt.Ltd, Gorkha-08,Gorkha<br>3.M/S Shailendra & Sons Construction Jorpati Kathmandu<br>4.M/S Sunder - Regmi J/V Kaski<br>5.M/S Adhikari Nirman Sewa, Hansapur Gorkha<br>6.M/S Slate – KAM J/V Jorpati, Kathmandu<br>7.M/S Parabhat -Aama-Raluka J/V Ranibari,Kathmandu<br>8.M/S Shiva-Shisakoti-Hanskrirti J/V Samichour<br>9.M/S Nation – Nirdosh- Shrayash J/V, Kathmandu<br>10.M/S Bajra Mansh- Rising J/V, Bhaktapur<br>11.M/S Sita Builders – Manokamana J/V, Pokhara<br>12. M/S Gaura- Shramjivi-Sita Construction J/V, Kathmandu |
| PMUN/NCB/ WORKS/2082/83-17 | Construction of BlackTop Works of Biruwataar KamDhenu GaiFarm Road Project,Palungtar-07,Gorkha | 1.M/S Krischal Construction Pvt.Ltd, Gorkha-08, Gorkha<br>2.M/S Oasis-Him Shrinkhala J/V, Makawanpur<br>3.M/S Akala Devi – Vision J/V, Khairenitaar<br>4.M/S Slate -KAM J/V Jorpati, Kathmandu<br>5.M/S Adriya- Ghising-Laligurans J/V, Lalitpur<br>6.M/S Simran Builders Pvt.Ltd, Kathmandu<br>7.M/S Nation – Jagaruk- Shrayash J/V, Kathmandu<br>8.M/S Shiva-Shisakoti-Pragati J/V Kathmandu |
| PMUN/NCB/ WORKS/2082/83-18 | Construction of Sahid Park Project,Palungtar-04,Gorkha | 1.M/S IS Nirman Sewa Pvt.Ltd,Bidur-05, Nuwakot<br>2.M/S Aariz MH-AA J/V, Baglung<br>3.M/S Gautam Builders, Bharatpur, Chitwan,<br>4.M/S Ujjwal-Diamond Infra – Santra J/V, Tarkeshwor Kathmandu |

**प्रमुख प्रशासकीय अधिकृत**

# Kakani Rural Municipality
# Office of the Rural Municipal Executive
**Ranipauwa, Nuwakot**
**Bagamati Province**

## Invitation for Electronic Bids
**Date of Publication: 2026/01/25 (2082/10/11)**

1. Kakani Rural Municipality, Office of Rural Municipal Executive Ranipauwa, Nuwakot invites an electronic National Competitive Bidding from Eligible Bidders for the following works.

| Contract No | Description | Estimated amount including VAT & PS | Bid Security Amount | Bid Validity/ Bid security Validity period | Bid Document Fee | Bid Submission Deadline | Bid Opening |
|---|---|---|---|---|---|---|---|
| KRM/NCB/Works-Road/11/2082/083 | Kauledevi Okhle Motorbato Staronnati Kakani 2 | NRs. 24,36,044.70/- | NRs.60,000/- | 90days/120 days | 3000 | 24th February 2026 (2082 Falgun 12), 12:00Hrs | 24th February 2026 (2082 Falgun 12), 13:00Hrs |
| KRM/SQ/Works-Road/05/2082/083 | Upgrading of Lamagaun Aadharbhut Bidhyalaya Hudai Putalichautara Krishi Sadak Kakani 8 | NRs. 14,61,656.34/- | NRs.35,000/- | 45days/75 days | 1000 | 9th February 2026 (2082 Magh 26), 12:00Hrs | 9th February 2026(2082 Magh 26),13:00Hrs |

2. Details of Bank for Cost of Bid Document: Agricultural Development Bank, Ranipauwa Branch Office Account no: 0213401251034093 (Kakani Rural Municipality Ga 1.1 Internal Revenue Account) and cash Deposit for Bid Security: Agricultural Development Bank, Ranipauwa Branch, Deposit Account no 0213401251034042, Name of the Office: Kakani Rural Municipality, office of the Municipal Executive, Ranipauwa, Nuwakot.
3. Eligible Bidders are advised to visit PPMO's Web Site www.bolpatra.gov.np./egp for further details or may contact Kakani Rural Municipality, Office of Municipal Executive Ranipauwa, Nuwakot , Telephone: 9851241660 and mailing Address: ito.kakanimun@gmail.com .
4. Matters not covered by this notice shall be in accordance with public procurement Act-2063 and public procurement regulation 2064 and prevailing regulations and latest amendment.

**Chief Administrative Officer**

# सर्लाही–४ का मतदातालाई पछुतो हुन दिनेछैन : गगन थापा



**काठमाडौं/मस**–नेपाली कांग्रेसका सभापति गगन थापाले आफूले संसदमा मधेशको मुद्दालाई फरक ढंगले उठान गर्ने बताएका छन् ।

शनिबार काठमाडौंमा आयोजित कार्यक्रममा उनले आफू सर्लाही क्षेत्र नम्बर-४ को प्रतिनिधित्व गर्न उम्मेदवार बनेकाले मधेश र सर्लाहीका मुद्दा अब संघीय संसद् र सिंहदरबारमा नयाँ तरिकाले उठ्ने बताए । उनले सर्लाही-४ का मतदातालाई पछुतो हुने अवस्था आउन नदिने प्रतिबद्धता पनि जनाए ।

आगामी पाँच वर्षमा मधेशका मुद्दा संसद्मा उठ्ने तरिका र निर्णय प्रक्रिया अघिल्ला वर्षभन्दा भिन्न हुने उनको दाबी छ । आफू पार्टीको जिम्मेवारीका कारण सधैं सर्लाहीमा बस्न नसक्ने बताउँदै उनले आफूलाई मतदाताले पुर्ण रुपमा विश्वास गर्ने बताए । उनले पार्टीका नेता कार्यकर्तालाई निर्वाचनमा खटिएर लाग्न आग्रह गरे । आफ्नो उम्मेदवार बलियो छ भनेर अरूलाई कमजोर आकलन नगर्न उनले सचेत गराए । चुनाव जित्न सबैको मिहिनेत आवश्यक हुने भन्दै उनले मतदाता र कार्यकर्तालाई विश्वास, माया र भरोसाका साथ अभियानमा लाग्न निर्देशन समेत दिए ।

उनले आफू गर्नसक्ने कामको मात्रै वाचा गर्ने बताए । गर्न नसकिने कामलाई आफूले सुरुमा नै गर्न नसक्ने बताउने स्पष्ट पारे ।

# इतिहास स्मरण गरेर सही बाटोमा अघि बढौं : सुनिता डंगोल



**काठमाडौं/मस**– काठमाडौं महानगरपालिकाकी कार्यवाहक प्रमुख सुनिता डंगोलले इतिहासबाट सिकेर सही बाटोमा अघि बढ्नु आजको आवश्यकता भएको बताएकी छन् ।

शनिबारबाट सुरु भएको शहीद सप्ताहको अवसरमा टेकुस्थित शुक्रराज शास्त्रीको शालिकमा माल्यार्पण गर्दै उनले यस्तो बताएकी हुन् । उनले शहीद सप्ताह कार्यक्रम गर्ने दिनका रुपमा मात्र नभइ जिम्मेवारीवोध गर्ने दिन भएको बताइन् । इतिहास पढ्न र पाठ्यक्रममा राख्नका लागि मात्र नभइ त्यसलाई मनन गरेर अघि बढ्नुपर्ने उनको भनाइ छ । उनले इतिहासबाट सिकेर जनताका लागि काम गर्न जरुरी रहेको उल्लेख गरिन् ।

अन्यायप्रति सधैँ आवाज उठाउनुपर्छ र जनताप्रति सदैव कर्मठ हुनुपर्दछ भन्नेकुरा इतिहासले सिकाउने बताइन् । उपप्रमुख डंगोलले शुक्रराज शास्त्रीले साहित्यमार्फत पनि समाजमा चेतना फैल्याउन मद्दत गरेको बताइन् । प्रजातन्त्र ल्याउनमा शास्त्रीको योगदामा अविष्मरणीय रहेको उनको भनाइ छ ।

# हुम्लासहितका जिल्लामा वर्षा र हिमपात

**काठमाडौं/मस**– पश्चिमी न्यून चापीय प्रणालीका कारण नेपालको पश्चिम क्षेत्रमा शुक्रबार साँझदेखि मौसम बदली भई धेरै जिल्लामा वर्षा र हिमपात भएको छ । जल तथा मौसम विज्ञान विभागका अनुसार शुक्रबार साँझबाट सुरु भएको बदली शनिबार दिनभर नै कायम भएको थियो ।

वर्षा भने शनिबार अपराह्नबाट रोकिएको छ । विभागका सूचना अधिकारी दिनकर कायस्थले मौसम बदली कमजोर बन्दै गएको बताए । यद्यपि, छिटपुट रूपमा उच्च पहाडी तथा हिमाली क्षेत्रमा सामान्य वर्षा र हिमपात आइतबारसम्म कायम रहने उनले जानकारी दिए ।

विभागका अनुसार पछिल्ला २४ घण्टामा सबैभन्दा बढी जाजरकोटमा २९ मिलिमिटर र डडेलधुरामा २८ दशमलव आठ मिलिमिटर वर्षा भएको छ । यो मध्यम वर्षा हो । यस्तै, दार्चुलामा १७ दशमलव आठ, बैतडीमा २६, डोटीमा २०, बझाङमा १६ दशमलव दुई, कञ्चनपुरमा नौ दशमलव चार, अछाममा १२ दशमलव छ, कालीकोटमा १९ दशमलव चार, दैलेखमा १४ दशमलव तीन, जुम्लामा १२ दशमलव सात, मुगुमा १२, डोल्पामा १३ दशमलव पाँच मिलिमिटर वर्षा भएको विभागको अभिलेखमा उल्लेख छ ।


## VACANCY ANNOUCEMENT

One of the reputed recruitment agency is seeking for following applicants.

- Compliance Officer : 2 (Male/Female)
- Documentation Officer: 5 (Male/Female)

Salary Negotiable

Requirements :-
Experienced and qualified.
SSmart and out spoken candidate.
Age limite above 30 years.

Drop your CV at : noonresouresources@gmail.com
Contact No. 9801276194, 01-5916778

noon Resources Pvt. Ltd.
Lic. No:1653/080/081
Jawalakhel-13, Lalitpur, Nepal, Tel.: 01-5423629 Email : noonresources@gmai.com, info@noonresources.com/
Website: www.noon resources.com Mobile No: 9801276194, 9801464676

## युएईमा रोजगार

कम्पनी: SOEX PROCESSING MIDDLE EAST FZE शहर: UAE
पूर्व स्वीकृत मिति: २०८२/०५/२७ चलानी नं.: ६०२४४७५१ L.T. No.: 330938 पुन विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब AED | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Laborer/helper | 0 | 50 | सम्बन्धित काममा दक्ष | 1100 | ४३,९६७ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2. | Labourer | 75 | 0 | | 1100 | ४३,९६७ | | | | | | | |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८२ माघ १८ गते (1 February 2026) मा हुनेछ ।
अन्तर्वार्ता शाखा मेनपावर कार्यालय विर्तामोड, झापामा २०८२ माघ १८ गते (1 February 2026) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २५९६ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. २,१०० कामदारले | रु. १,५०० कामदारले | नि:शुल्क |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

SUN LIGHT HUMAN RESOURCE PVT. LTD. Lic No. 689/063/064
सामाखुसी-०३, काठमाडौं, फोन: ४५८४८३२, ४५८४८३३, 9802341585 , 9700558336, 9864827296.
Janakpur Contact No: - 9804898340, Pokhara Contact No: - 9765938203Nepalgunj Contact No:- 9803590084, Birtamode Contact No:- 9852640575

## साउदीमा रोजगार

कम्पनी: REMAL ASSWAHEL CONTRACTING AND MAINTENANCE CO. शहर: RIYADH
पूर्व स्वीकृत मिति: २०८२/१०/०८ चलानी नं.: ६०२५१०३४ L.T. No.: 337637

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Barista (Coffee maker) | 17 | 0 | सम्बन्धित काममा दक्ष | 1400 | ५४,६२८ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2. | Office and Facilities Cleaning Worker | 47 | 0 | | 1000 | ३९,०२० | | | | | | | |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा मिति २०८२ माघ १९ र २० गते (2 & 3 February 2026) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २५९६ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. २१०० कामदारले | रु. १,५०० कामदारले | नि:शुल्क |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

Yatra H.R. Solution Pvt. Ltd.
Gov. Lic No. 1096/073/074
Old Baneshwor-9, Kathmandu, Tel: 4114682, 4114683
E-mail: info@yatrahrsolution.com, Web.: www.yatrahrsolution.com

## कतारमा रोजगार

कम्पनी: PHEWATAL CLEANING CONTRACTING AND HOSPITALITY शहर : DOHA
पूर्व स्वीकृत मिति: २०८२/१०/०५ चलानी नं.: ६०२५१११६ LT. No.337607

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब QR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Accountant | 0 | 2 | सम्बन्धित काममा दक्ष | 3600 | १४४५४० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2. | Cleaner & Office Boy | 3 | 2 | | 1000 | ४०१५० | | | | | | | |
| 3. | Cleaner Hospital | 1 | 0 | | 1200 | ४८१८० | | | | | | | |
| 4. | Cleaners (Public Areas) | 1 | 4 | | 1000 | ४०१५० | | | | | | | |
| 5. | Cleaners / Public Building | 2 | 0 | | 1000 | ४०१५० | | | | | | | |
| 6. | Driver | 2 | 0 | | 2200 | ८८३३० | | | | | | | |
| 7. | Ground Host For Reservation | 2 | 2 | | 1500 | ६०२२५ | | | | | | | |
| 8. | Receptionist | 0 | 1 | | 2200 | ८८३३० | | | | | | | |
| 9. | Supervisor | 3 | 0 | | 2500 | १००३७५ | | | | | | | |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा मिति २०८२ माघ १८ गते (1 February 2026) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २५९६ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. २१०० कामदारले | रु. १,५०० कामदारले | नि:शुल्क |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

Pokhara Recruitment (P.) Ltd. Gov. Lic No. 1426/074/075
Samakhusi Townplanning, Kathmandu, Nepal Tel: +977- 1- 014951967, Mobile: 9851111199, 9855071115.
Email: pokhararecruitment@gmail.com, info@pokhararecruitment.com, Web: www.pokhararecruitment.com.np


## खत्याड गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय

**रामतडी, मुगु**
**कर्णाली प्रदेश नेपाल**

### आर्थिक प्रस्ताब खोल्ने सूचना

**प्रकाशित मिति : २०८२/१०/११**

यस गाउँपालिका को मिति २०८२/०८/२८ गते प्रभाव राष्ट्रिय दैनिक पत्रिकामा प्रकाशित बोलपत्र आह्वानको सूचना अनुसार बिधुतीय माध्यम मार्फत दर्ता भएका बोलपत्रहरु मध्ये तपसिल बमोजिमका प्राविधिक प्रस्तावहरु खोलि सार्वजनिक खरिद ऐन २०६३ को दफा २३ र सार्वजनिक खरिद नियमावली २०६४ को नियम ५९, ६०, ६२ , ६३ बमोजिम परिक्षण गरि योग्यताको सबै आधारमा सफल हुने देहाय बमोजिमका सारभूतरुपमा प्रभावग्राही बोलपत्रदाताहरुका आर्थिक प्रस्ताब तपसिलको स्थान, मिति र समयमा खोलिने भएको हुदा सार्वजनिक खरिद नियमावली ३१ (ङ) को प्रयोजनार्थ सम्बन्धित सबैको जानकरीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

| Contract No. | Description of Work | Successful bidder |
|---|---|---|
| KRM/NBC/ BUILING/ WORKS/09/82/083 | Construction of Administrative Building of Khatyad Rural Municipality, Ramtadi, Mugu | Sanatan - Rabichakra JV, Khatyad-3 Mugu |
| | | DCS-Nagarjun-Tirtha JV, Patan-6 Baitadi |
| | | SC/MANS J/V, Aakashedhara-10, Budhanilkantha, Kathmandu Kathmandu, Bagmati Province |
| | | Abhiyan Construction Pvt. Ltd, Kathamandu Nepal |
| | | Kusheshwor/RR J.V, Sitapaila-15, Kathmandu |
| | | Y.S.S. Nirman Sewa Pvt. Ltd, Birendranagar - 6 Surkhet Nepal |
| | | SHAKTISHIVA CONSTRUCTION-BALADEV BUILDERS JV, Shankhamul, Kathamandu |

आर्थिक प्रस्ताब खोल्ने मिति, समय र स्थान २०८२/१०/१७ गते दिउसो २:०० बजे , खत्याड गाउँपालिका , रामतडी मुगु

## मङ्गलसेन नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय

**मङ्गलसेन, अछाम**
**सुदूरपश्चिम प्रदेश, नेपाल**

### आर्थिक प्रस्ताव स्वीकृत गर्ने आसयको सूचना

**प्रकाशित मिति: २०८२/१०/११**

यस कार्यालयबाट मिति २०८२/१०/०२ गते प्रकाशित प्राविधिक प्रस्ताव छनौट सम्बन्धी आशयको सार्वजनिक सूचना बमोजिम सफल बोलपत्रदाताहरुको सार्वजनिक खरिद नियमावली २०६४ को नियम ७९ बमोजिमको प्रक्रियाबाट आर्थिक प्रस्ताव खोली सार्वजनिक खरिद ऐन २०६३, को दफा २५ र नियमावलीको नियम ६१, ६४ र ६५ बमोजिम आर्थिक मूल्याङ्कन गरी न्यूनतम मूल्यांकित सारभूत रुपमा प्रभावकारी रहेको तपसिल बमोजिमको बोलपत्रदाताको बोलपत्र स्वीकृतीका लागि छनौट गर्ने निर्णय भएकोले सार्वजनिक खरिद ऐन, २०६३ को दफा २७ (२) र (३) को प्रयोजनार्थ सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ ।

**तपसिल:**

| क्र. स. | कामको विवरण | सफल बोलपत्रदाताको विवरण | कबोल अंक (भ्याट र पीएस सहित) |
|---|---|---|---|
| १. | RedCross Dekhi Nagarpalika Kendra Jodne Kalopatre Sadak, Mangalsen-05, Achham (MM/ACH/NCB/W-01/2082-083) | Jagadamba-G and J-AND JV, Nepalgunj, Banke | ४,३८,५२,५५३।०३ |

**प्रमुख प्रशासकीय अधिकृत**

## महाकुलुङ गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय

**बुङ, सोलुखुम्बु**
**कोशी प्रदेश , नेपाल**

### बोलपत्र आह्वान सम्बन्धी सूचना ।

**प्रथम पटक प्रकाशित मिति : २०८२/१०/११**

यस गाउँपालिकाद्वारा तपसिल अनुसारको निर्माण कार्य राष्ट्रियस्तरको खुल्ला बोलपत्र खरिद प्रक्रिया e–GP को माध्यमबाट मात्र खरिद गर्नुपर्ने भएकोले नेपाल सरकारबाट इजाजत प्राप्त इच्छुक योग्य नेपाली बोलपत्रदाता हरुका लागि बोलपत्र कागजातमा उल्लेखित शर्तहरुको अधिनमा रही रितपूर्वकको बोलपत्र आह्वान गरिन्छ । यस सम्बन्धी सम्पूर्ण कुराहरु बुझ्नको लागि यस कार्यालयको वेब साईट www.mahakulungmun.gov.np, सार्वजनिक खरिद अनुगमन कार्यालयको वेब साईट www.bolpatra.gov.np/egp, यस कार्यालयको सूचना पाटी तथा कार्यालय समयमा कार्यालयको पूर्वाधार विकास शाखामा सम्पर्क गर्न सकिनेछ ।

| क्र.स. | ठेक्का न. | बोलपत्रको विवरण | बोलपत्र पेश गर्ने अन्तिम मिति र समय | बोलपत्र खोल्ने मिति र समय | लागत अनुमान रकम रु. (भ्याट बाहेक पि.एस.समेत) | बोलपत्र जमानत रकम रु. | बोलपत्र फारम खरिद दस्तुर रु. | बोलपत्र मान्य अवधि |
|---|---|---|---|---|---|---|---|---|
| 1. | MRM/NCB/ WORKS/2082/083/02 | Construction of RRM Retaining Wall in Remaining Portion of Mahakulung Basic Hospital, Bung, Solukhumbu. | २०८२/११/१२ गते दिनको १२ :०० बजे सम्म | २०८२/११/१२ गते दिनको १७ :१५ बजे | ५९,०१,१३१.७४।- | १,६३,०००।- | ३,०००।- | ९० दिन |
| | बैंक विवरण | | **बोलपत्र फारम खरिद दस्तुर जम्मा गर्ने प्रयोजनका लागि :** Everest Bank Ltd., Mahakulung Branch, Bung, Solukhumbu. **Name of Account:** GA-1.1 INTERNAL REVENUE ACCOUNT (MAHAKULUNG) **Account No.:** 08300106200008 **Rajaswa (Revenue) Shirshak no.:** 14229 **Office Code no.:** 801010906 | | | **बोलपत्र जमानत नगद जम्मा गर्ने प्रयोजनका लागि :** Everest Bank Ltd., Mahakulung Branch, Bung, Solukhumbu. **Name of Account:** GA-3 MAHAKULUNG GA PA (DHARAUTI KOSH) **Account No.:** 08300106200003 | | |

**प्रमुख प्रशासकीय अधिकृत**

मध्यान्ह
www.madhyanhadaily.com
११ माघ २०८२ आइतबार
25 January 2026 Sunday

## सम्पादकीय

# घोषणापत्र होइन कार्यान्वयनपत्र ल्याऊ

आगामी २१ फागुनमा हुने प्रतिनिधि सभा सदस्यको निर्वाचनका लागि उम्मेदवार र राजनीतिक दलहरूले मत माग्ने अभियान तीव्र बनाइसके । बस्तीबस्तीमा नेताहरूले भाषण दिन थालिसके । सामाजिक सञ्जालमा प्रचार तीव्र भइसक्यो । चुनावी माहोल बन्नु एकदमै सकारात्मक पक्ष हो । तर यहाँनेर एउटा प्रश्न छ– राजनीतिक दलहरू केका आधारमा मत माग्दै छन् ? यो प्रश्न यसकारण पेचिलो कि– राजनीतिक दल र उम्मेदवारहरूको चुनावी घोषणापत्र सार्वजनिक गरेका छैनन् । बिनायोजना मतदाताकहाँ पुगिरहेका छन् । उदाहरणका लागि भावी प्रधानमन्त्रीका रूपमा प्रस्तुत भएपछि बालेन्द्र शाह (बालेन)ले सात जिल्लाको भ्रमण गरिसके । भ्रमणका क्रममा उनले मतदातासँग के कस्ता वाचा गरे त्यो उनको मौखिक प्रतिबद्धता हो । बालेनलाई भावी प्रधानमन्त्रीका रूपमा प्रस्तुत गर्ने रास्वपाको नीति के हो ? यसको जवाफ चुनावी घोषणापत्रमा आएको छैन । परिणाममा बालेन खाली हात जोडेर मतदाताकहाँ पुगिरहेका छन् । रास्वपा मात्रै होइन, नेपाली कांग्रेस, नेकपा एमाले, नेपाली कम्युनिस्ट पार्टी, राष्ट्रिय प्रजातन्त्र पार्टीलगायतले पनि चुनावी घोषणापत्र ल्याएका छैनन् ।

चुनावी घोषणापत्र ऐच्छिक हो वा होइन ? किनभने मतदाताले त उम्मेदवारको अनुहार हेरेर भोट दिने होइन । आगामी पाँच वर्षमा के गर्ने, कसरी गर्ने र किन गर्ने भन्ने स्पष्ट प्रतिबद्धता हेरेर निर्णय लिने हो । यसकारण चुनावी घोषणापत्रलाई दल र उम्मेदवारले मतदातासँग गर्ने औपचारिक सम्झौताका रूपमा समेत लिइन्छ । अन्यथा, घोषणापत्रबिना मत माग्नु दिशाबिनाको यात्राजस्तै हो । यस्तै, दिशाबिना यात्रामा नयाँ र पुराना सबै दल अगाडि बढेको आभास हुन्छ । यस्तो अभासले दलहरूको चुनावी संस्कारमा प्रश्न उठाउँछ । उम्मेदवारहरू स्पष्ट नीति, योजना र दृष्टिकोणबिनै भावनात्मक नारामा निर्भर भए राजनीति अवसरवादमा रूपान्तरण हुने खतरा रहन्छ । यसकारण मतदाताले व्यक्तिको अनुहार, भाषण शैली वा क्षणिक आकर्षणका आधारमा होइन, ठोस योजना र नीतिका आधारमा निर्णय गर्न पाउनुपर्छ ।

दलहरूको चुनावी घोषणापत्र आयो वा आएन र आएको छ भने के कस्ता विषय समेटिएका छन् भनेर नागरिकहरू स्वयं पनि सचेत हुनुपर्नेछ । किनकि भोट हाल्नु भनेको आगामी पाँच वर्षका लागि आफूमाथि शासन गर्ने व्यक्ति रोज्नु हो । यसकारण मतदाताले नेता र उम्मेदवारसँग प्रश्न गर्नुपर्छ– खोइ घोषणापत्र ? दलीय नीति के हो ? रोजगारी, शिक्षा, स्वास्थ्य, सुशासन र भ्रष्टाचार नियन्त्रण गर्ने योजना के छन् ? दलहरूले पनि केवल ल्याउनका लागि प्रतिवद्धतापत्र ल्याउने होइन, कार्यान्वयन गर्ने स्पष्ट खाकासहित कार्यान्वयनपत्र ल्याऊ ।

# सामाजिक रूपान्तरण कसरी ?

*विज्ञानबाट भौतिक लाभ हुन्छ र दर्शनबाट आध्यात्मिक लाभ हुन्छ । यी दुवैको संयोजन हुँदा नै समाज रूपान्तरण सम्भव छ । जहाँ नैतिक र इमानदार व्यक्ति वा समूहले अगुवाई गर्न सक्छ ।*

अग्रलेख



● अच्युतप्रसाद पौडेल 'चिन्तन'

हामी पूर्वीय दर्शनबाट प्रेरित छौं । दर्शन भनेको देख्नु नै हो । 'दृश्यते अनेन इति दर्शनम्' भन्ने अर्थमा देख्नु नै दर्शनको मुख्य सार हो । अंग्रेजी भाषामा दर्शनलाई फिलोसफी भनिन्छ । फिलोस र सोफियाको अर्थ ज्ञान हो, अर्थात् ज्ञानप्रतिको अनुराग । आज मानिसले खोजेको ज्ञान नै हो । माध्यम फरक होला, ज्ञान बुझेपछि जान्नुपर्ने केही बाँकी नै हुँदैन । पश्चिमी दर्शनको पनि अन्तिम आधार ज्ञान नै हो र परमतत्व वा परम सत्यलाई जान्नु नै यसको उद्देश्य हो ।

दर्शनशास्त्र गहन बौद्धिक शास्त्र हो । यसबाट मानिसले सम्पूर्ण विश्वज्ञानलाई समष्टिगत रूपमा एकैपटक बुझ्न पाउँछ । सामाजिक विज्ञानबाट शब्द निर्माण भएको र यसको अर्थ पनि जान्नु हो । विज्ञानको अर्थ ठीक ज्ञान प्राप्त गर्नु हो । दर्शनको उद्देश्य पनि त्यही हो । विज्ञानबाट भौतिक लाभ हुन्छ र दर्शनबाट आध्यात्मिक लाभ हुन्छ । यी दुवैको संयोजन हुँदा नै समाज रुपान्तरण सम्भव छ । जहाँ नैतिक र इमानदार व्यक्ति वा समूहले अगुवाई गर्न सक्छ ।

डा. राधाकृष्णनका अनुसार धर्मको उद्देश्य आत्माको शक्ति हो र दर्शनको उद्देश्य सत्यको खोजी हो । धर्मको मूल उद्देश्य पनि ज्ञान प्राप्ति नै हो । धर्मको स्वरूप अरूको सेवा र पूजा हो ।

पूर्वीय दर्शनका स्वरूपहरू सांख्य, योग, न्याय, वैशेषिक, मीमांसा र वेदान्त दर्शन हुन् । यी आस्तिक दर्शन हुन्, जसले ईश्वर मान्छन् । नास्तिक दर्शन पनि पूर्वीय दर्शनमा छन्- चार्वाक, बौद्ध र जैन दर्शन- तर यी पनि ओंकार परिवारकै हुन् । पश्चिमी दार्शनिक तथा अन्वेषकहरूमा डा. फ्रायड, डा. युंग, एडलर, हेल्महोल्ट्ज, डा. ब्राउन आदि मुख्य हुन् ।

अठारौं शताब्दीका प्रख्यात पाश्चात्य दार्शनिक लेइब्निजले यस संसार परमाणुद्वारा बनेको बताए । परमाणुलाई उनले मोनाड नाम दिए । यसैलाई चित्-अणु भनियो । वैज्ञानिक ग्यालिलियोले गणितीय सिद्धान्तअनुसार प्रकृति असंख्य अणुद्वारा बनेको भने । पदार्थको विस्तार यसैबाट भयो । पदार्थमा आकर्षण शक्ति हुन्छ र यसैले सम्पूर्ण ब्रह्माण्ड तथा खगोलीय पिण्डहरू सञ्चालित भएका छन् । गुरुत्वाकर्षणको सिद्धान्तले पृथ्वी अडेको छ । न्यूटनको यो सिद्धान्त गुरुत्वबल पूर्वीय वैशेषिक दर्शनमा यसअघि नै प्रतिपादित थियो । उनले यसको व्यावहारिक प्रयोगको विवेचना गरे । पूर्वीय दर्शनमा यस्ता धेरै सिद्धान्तहरू अनुसन्धान र खोजीको घेराभित्रै छन् । विज्ञानले प्रतिपादन गरेको 'आवाज एक माध्यमबाट अर्को माध्यमसम्म फैलिन्छ' भन्ने मर्म न्याय दर्शनमा पाइन्छ ।

संस्कृति भनेको मानवको सम्पूर्ण चरित्र हो । पूर्वीय धर्मदर्शनमा ऋग्वेदको आरम्भदेखि नै मानव जीवन स्वस्थ र सन्तुलित हुनुपर्ने भनिएको छ । माटो, पानी, हावा, तेज, शब्द- यी पाँच तत्वको समष्टि नै जीवन हो । आज पदार्थ कुपित छ र मानव सौन्दर्य नक्कली भएको छ । स्वस्थ जीवनबाटै स्वस्थ समाज निर्माण हुन्छ । स्वस्थ, सन्तुलित, चारित्रिक र सभ्य नागरिक समाजबाट देशप्रेम र ईश्वरीय चिन्तन बढ्छ, जसले हतियारको प्रयोगको आवश्यकता हटाउँछ । राज्यमा हुने अनावश्यक खर्च विकासका लागि प्रयोग गर्न सघाउँछ । अरूलाई नदिई स्वयंले मात्र प्रयोग गरिएको अन्न विष तुल्य हुन्छ भन्ने भावले सधैं मानव जीवनको संस्कृति, सभ्यता र पुण्यकर्मको सन्देश दिन्छ ।

पूर्वीय दर्शन वैज्ञानिक किन छ भने यो कुनै व्यक्ति विशेषले तयार




पारेको होइन, परम आत्मतत्त्व बुझिएको ईश्वरीय चिन्तन हो । जीव र जगत्को सञ्चालन, मनको व्याख्या, मनका अनुभूतिअनुसार विम्ब बन्ने, विम्बअनुसार जगत् प्रतीत हुने र विम्बअनुसार नै कार्य हुने भएकाले हरेक कार्यको उद्गमस्थल मानव मन हो । जीव उत्पत्तिको कारण, कर्म र संस्कार, बन्धन र मोक्ष, पुनर्जन्म र सिद्धि, स्वप्न र निद्रा, रोग र तनाव, शान्ति र अशान्ति, स्मरण र विस्मृति, सन्तोष र आनन्द, त्रास र भय, चरित्र र पतन, वासना र मूर्खता, उत्साह र सफलता, योग र ध्यान, विकास र विनाश, द्वन्द्व र कलहका मूल कारक तत्व मन नै हो ।

सिद्धि, सफलता, सुख, शान्ति र आरोग्यका लागि पूर्वीय वैदिक चिन्तनलाई सदैव मनन गर्न सके हामी, हाम्रो जीवन र जगत् सबै हाम्रो परम लक्ष्यतिर उन्मुख हुन्छ । परम लक्ष्य नै मानव उद्देश्य हो ।

यस्तै परमार्थ चिन्तन, तप, ध्यान र साधनाबाट गौतम बुद्धलाई सिद्धि मिलेको हो । नैयायिकहरूले भने- मन नै सुख-दु:खको कारण हो । पूर्व मीमांसा र सांख्य दर्शनमा मन र आत्मालाई विभु भनियो । विभु वा प्रज्ञा भनेको जीवनको सही ज्ञान हो ।

हाम्रो मुलुक देवभूमि हो । हरेक युगमा यसको वर्चस्व कायम रह्यो । सत्य, त्रेता, द्वापरदेखि अहिले पाँच हजार एक सय छब्बीस वर्ष व्यतीत भइसकेको छ- यो युगको आरम्भ । सत्ययुगमा यसको नाम सत्यपुर, त्रेतामा तपोवन, द्वापरमा मुक्तिसोपान र कलियुगमा यसलाई नेपाल भनियो । सात्त्विक यथार्थलाई आत्मसात् गरेर मुनिहरूले धर्मद्वारा बसालेको नेपाल आफैंमा देवभूमि हो । यस पुण्यभूमिमा गरिएका हरेक कार्यहरू पुण्यदायी र प्रेरणाप्रद हुन्छन् । त्यसैले विश्वका धेरै मुलुकबाट नेपाल भ्रमणका लागि मानिसहरू यहाँ आउँछन्- पर्यटकका रूपमा ।

विश्वकै शिरभाग सगरमाथा, शिवपुरी, शिवक्षेत्र, पशुपतिनाथ, लुम्बिनी, स्वयम्भू, मुक्तिक्षेत्र- हाम्रा महान् दैवी सम्पदाहरू हुन्, अरू पनि छन् । तमाम देवताहरूको निवास क्षेत्र नेपालमा अशान्तिका काला बादल मडारिनु हुँदैन । गुरु राष्ट्र भएकाले तत्वज्ञानी परम गुरुहरू- जनक, व्यास आदि- यहीँ रहे ।

उद्योग वा परिश्रमविनाको जीवन पवित्र हुँदैन- रस्किनले भने । सत्याग्रह सबैभन्दा ठूलो र सर्वोपरि बल हो, यसले तोपले भन्दा ठूलो काम गर्छ- महात्मा गान्धीले भने । साँच्चै, हतियारभन्दा कलम बहादुर हुन्छ । गत भदौको असन्तोष विदेहपछि हामीले नयाँ समाजको निर्माण गर्नुपर्छ कि ? क्रान्तिपछिको राजनीति सामाजिक विकास र पुन:स्थापनाका लागि हुन्छ- कार्ल मार्क्सले भनेका थिए, उनको पुस्तक दास क्यापिटलमा ।

मानिस स्वत: धर्मभीरु हुन्छ । यो उसको कायरता होइन । भौतिक जगत् क्षणिक छ । सुख, शान्ति र आनन्दका लागि दृढ संकल्पका साथ अध्यात्मलाई भुल्नु हुँदैन । यो हाम्रो मौलिक संस्कृति पनि हो । शरीरभित्र रहेको शुद्ध, चैतन्य र परमात्माको अंश आत्मासँग नजिक रहने विद्या नै अध्यात्म हो । पानीविनाको बिजुली हुँदैन र अध्यात्मविनाको भौतिक शून्य हुन्छ । जीव, जीवात्मादेखि सारा संसारका रचयिता ईश्वरप्रतिको स्नेह नै अध्यात्म हो ।

स्थूल शरीरको सुख, सूक्ष्म शरीर मन र कारण शरीर आत्माको पहिचान यसैबाट हुन्छ । जगदीश्वरको साकार र निराकार विद्या नै अध्यात्म हो । अध्यात्मविद्यासँग रहेको पूर्वीय संस्कृतिले यो विद्यालाई सागरतुल्य गहिराइ र आकाशतुल्य अनन्तमा फैलाइदिएको छ । नदीहरूले गन्तव्य सागरमा पुग्ने लक्ष्य लिएझैं, हर मानवले परमेश्वरसम्म पुग्ने दृढ संकल्प राख्नुपर्छ । परम र गहिरो अध्ययन भन्नु आकाशमा चम्किने सूर्य जस्तै हो- विलियम शेक्सपियरले भनेका थिए । वेदले आत्मा अमर छ र सूर्यरूपी आत्मा नै जगत्को मालिक, परमात्माको व्यक्त रूप हो भनेको छ । असत्य बोल्नु ठूलो पाप हो । अरूको निन्दा, तिरस्कार र अपमान अझ ठूलो पाप हो र आफ्नै तथा आफन्तको निन्दा जघन्य पाप हो- रवीन्द्रनाथ टैगोरले भनेका छन् । वेद ईश्वरको बोली हो । पैल, जैमिनी, वैशम्पायन, सान्दिपिनी, याज्ञवल्क्य, पाणिनि, पतञ्जलि, व्यास, बुद्ध, जनकले अध्यात्मज्ञान सिंचन गरेको मुलुक नेपाल हो ।

"सत्यं वद, धर्मं चर, स्वाध्यायान्मा प्रमद, कामं क्रोधञ्च जहि"- भनेको छ शास्त्रले ।

## इतिहासमा आज

२५ जनवरी २००५ मा भारतको महाराष्ट्रमा रहेको मन्धादेवी मन्दिरमा भागदौड हुँदा कम्तिमा २५८ जनाको मृत्यु भएको थियो ।



२५ जनवरी २०११ मा इजिप्टियन क्रान्तिको पहिलो लहर देशभर सुरु भएको थियो । जसमा सडक प्रदर्शन, जुलुस, नागरिक अवज्ञा, दंगा, मजदुर हडताल र हिंसात्मक झडपका घटना आक्रामक रूपमा भएका थिए ।



२५ जनवरी २०१३ मा भेनेजुएलाको बार्क्विसिमेटोमा भएको जेल दंगामा कम्तिमा ५० जनाको मृत्यु भएको थियो भने १२० जना घाइते भएका थिए ।



२५ जनवरी २०१९ मा दक्षिण-पूर्वी शहर ब्राजिलको ब्रुमाडिन्होमा एक खानी कम्पनीको बाँध भत्किँदा जसमा २७० जनाको मृत्यु भएको थियो ।



# मधेशी प्रधानमन्त्रीको खोजी

विचार



● कौशल गोपालवंशी

*यदि लोकतन्त्रको वास्तविक मूल्य र समावेशीता कायम राख्ने हो भने मधेशको योगदानको उचित मान्यता दिनु अपरिहार्य छ । यसले मात्र सामाजिक न्याय, सांस्कृतिक संरक्षण र राजनीतिक स्थिरता सुनिश्चित गर्न सक्छ ।*

केआधा जनसंख्या भएको मधेशको नेतृत्व प्रधानमन्त्री पदमा पुग्न नसक्नु लोकतन्त्रको विफलता होइन ? के मधेश जनआन्दोलनले दिएको बल, अधिकार र योगदान राज्यलाई स्वीकार्य छैन ? यदि संविधान र शक्ति संरचनाले मधेशी नेतृत्वलाई निरन्तर बहिष्कृत गर्दै आएको छ भने, त्यो केवल असमानता मात्र होइन- यो संरचनागत अपमान र लोकतन्त्रको अपूर्णता हो ।

राजसंस्थाको अन्त्यसँगै सबैभन्दा उत्पीडित समुदायको उत्थानका लागि भएको सबैभन्दा ठूलो जनविद्रोह मधेश जनआन्दोलन हो । यस आन्दोलनको मूल उद्देश्य केवल मधेशको राजनीतिक प्रतिनिधित्व मात्र होइन; समावेशी, समानुपातिक र न्यायपूर्ण राज्य संरचना निर्माण गर्नु थियो । आन्दोलन मधेशका लागि भए पनि यसको लाभ राज्यका छायामा परेका सम्पूर्ण समुदाय, भूगोल र व्यक्तिहरूले पाए । तर यसको मूल उद्देश्य अझै अधुरै छ ।

२०६२/६३ पछि भएका निर्वाचनहरूमा मधेशका मुद्दा सम्बोधन गर्ने दाबी गर्दै अनेक राजनीतिक दल उदाए । तर आजसम्म पनि मधेश आन्दोलनको एउटा आधारभूत माग प्रधानमन्त्री पदमा मधेशी प्रतिनिधित्व, पूरा हुन सकेको छैन । यो विडम्बना हो कि नेपालका पहिलो मधेशी राष्ट्रपति हुँदाहुँदै पनि मधेशको हित विपरीत संविधान जारी भयो । यसले स्पष्ट देखाउँछ कि केवल पदमा उपस्थिति मात्र पर्याप्त रहेन; संरचनागत शक्ति सन्तुलनको अभावले मधेशी नेतृत्वलाई निरन्तर कमजोर बनायो ।

मधेशले राजनीतिमा आफ्नो शक्ति देखाउने प्रयास गर्दा राज्यले त्यसलाई योजनाबद्ध रूपमा टुक्रा-टुक्रा गऱ्यो । परिणामस्वरूप, आज कुनै मधेशीले 'म देशको प्रधानमन्त्री बन्छु' भन्ने सपना देख्नसमेत सक्दैन । यो विखण्डन केवल शक्ति संरक्षणको रणनीति मात्र होइन, मधेशी नेतृत्वलाई राज्यसत्ताबाट बहिष्कृत गर्ने स्पष्ट प्रयास पनि हो ।

तराई-मधेशका भाषा, संस्कृति र पहिचान आज संकटमा छन् । प्रमुख कार्यकारी तहमा मधेशी नेतृत्व नहुँदा ती पहिचानहरूको संरक्षण र पुनर्स्थापना हुन सकेको छैन । मधेशले देशलाई दिएको योगदानको बदलामा राज्यले भेदभाव, उपेक्षा र अपमान मात्र प्रदान गरेको छ । आर्थिक योगदान, राष्ट्रिय अन्न भण्डारको ठूलो हिस्सा र कर राजस्वमा उल्लेखनीय योगदानका आधारमा मधेश नेपाललाई चलाउने प्रमुख शक्ति हो, तर राज्यले यसको उचित मान्यता दिन सकेको छैन ।

संविधान निर्माण प्रक्रियाका बेला मधेश जलिरहेको थियो । राज्यशक्तिको असमान बाँडफाँड र संरचनागत बहिष्कारका कारण मधेशको शक्ति योजनाबद्ध रूपमा कमजोर पारियो । जहाँ जनसंख्या बढी हुन्छ, त्यहाँबाट नेतृत्व र प्रतिभा निस्किनु स्वाभाविक हो । तर अत्यधिक जनसंख्या भएको मधेशबाट आजसम्म राष्ट्रिय नेतृत्व निस्किन नसक्नु राजनीतिक संरचना र अवसरको असमान वितरणको प्रत्यक्ष प्रमाण हो ।

मधेश आन्दोलनका मागहरूका विभिन्न अध्यायमध्ये सबैभन्दा महत्वपूर्ण उपादान भनेको राज्यका प्रत्येक निकायमा समानुपातिक प्रतिनिधित्व सुनिश्चित गर्नु हो । यससँगै प्रमुख कार्यकारी पद प्रधानमन्त्री मधेशबाट हुनुपर्ने माग अत्यन्त महत्वकांक्षी मात्र होइन, पूर्णत: न्यायसंगत पनि हो । यदि कुनै राजनीतिक दलले यसलाई स्पष्ट प्रतिबद्धता र ठोस आधारसहित अघि सार्छ भने, मधेशले पुनः निष्ठापूर्वक त्यसलाई समर्थन गर्नेछ ।

राजनीतिक विश्लेषणले देखाउँछ कि मधेशी नेतृत्वको अभावले नीति निर्माण र कार्यान्वयनमा मधेशमैत्री दृष्टिकोणको कमी आएको छ । गैर-मधेशी नेतृत्वले प्राय: आर्थिक वा व्यापारी दृष्टिकोणबाट मात्र मधेशसम्बन्धी नीति बनाउँछ, जसले स्थानीय विकास र सामाजिक न्यायको पूर्ण लाभ जनतासम्म पुग्न दिँदैन ।

सांस्कृतिक र सामाजिक दृष्टिकोणबाट पनि मधेशी नेतृत्वको अभाव गम्भीर समस्या बनेको छ । मधेशका भाषा, संस्कृति, कला र परम्परागत अभ्यासहरू संकटमा छन् । प्रमुख कार्यकारी तहमा मधेशी नेतृत्व नहुँदा यी पहिचानहरूको संरक्षण र पुनर्स्थापना हुन सकेको छैन । यसले मधेशी समुदायमा असन्तोष र राजनीतिक असन्तुलन थप गहिरो बनाएको छ ।

मधेश आन्दोलनले स्पष्ट रूपमा देखाएको छ कि राजनीतिक प्रतिनिधित्व र सत्ता संरचनाको असमानताले मधेशी जनताको अधिकार मात्र कुण्ठित गर्दैन, यसले समग्र लोकतन्त्र र राष्ट्रिय एकतालाई नै चुनौती दिन्छ ।

आजको अवस्था स्पष्ट छ- मधेश देशको करिब आधा जनसंख्या हो, मधेश राष्ट्रिय अन्न भण्डार र कर राजस्वको मुख्य स्रोत हो, तर राज्यको सर्वोच्च नेतृत्वमा मधेशको प्रतिनिधित्व अदृश्य छ । संविधान र शक्ति संरचनाले मधेशी नेतृत्वलाई निरन्तर बहिष्कृत गरेको छ । यदि लोकतन्त्रको वास्तविक मूल्य र समावेशीता कायम राख्ने हो भने मधेशको योगदानको उचित मान्यता दिनु अपरिहार्य छ । यसले मात्र सामाजिक न्याय, सांस्कृतिक संरक्षण र राजनीतिक स्थिरता सुनिश्चित गर्न सक्छ ।

मधेश आन्दोलनको माग केवल राजनीतिक सत्ता होइन- यो न्याय, सम्मान र लोकतन्त्रको माग हो । आधा जनसंख्या भएको मधेशको नेतृत्व प्रधानमन्त्री पदमा पुग्नु नै यसको साक्ष्य हो । जबसम्म यो पूरा हुँदैन, मधेशी जनताको असन्तोष, सामाजिक विभाजन र लोकतन्त्रको अपूर्णता यथावत् रहनेछ ।

## सामाजिक सञ्जाल



भीमार्जुन आचार्य

राष्ट्रिय झण्डाको धेरै नै दुरुपयोग हुन थाल्यो । राष्ट्रिय झण्डा ओढेर आन्दोलन गर्ने, राष्ट्रिय झण्डा ओढेर देश जलाउने, राष्ट्रिय झण्डा ओढेर मत माग्ने, यी कार्य वर्जित छन् । तत्काल बन्द हुनु पऱ्यो । राष्ट्रिय झण्डा ओढ्ने 'कपडा' होइन । यसतर्फ सम्बद्ध निकायको ध्यान जाओस् ।

मान्छेको लोभ नि ! जिन्दगीमा कल्पना नगरेको मन्त्री पद पाएका थिए । त्यतिले नपुगेर निर्वाचनमा होमिएका छन्, त्यो पनि दायित्वबाट पन्छिएर । अरू त त्यस्तै भए भनौं । यी महावीर नि ? राजनीतिमा आएका अमिताभ बच्चनको नियति जस्तो नहोस् ।




अजित बराल



नरेन्द्र राउले

पुराना दल, नेताप्रति वितृष्णा पोख्ने जेनजी र जेनजी अगुवाको समूह, ४०/५० वटा जति थिए । चुनावको मैदानमा किन उत्रिएनन् होला ? चुनाव जितेर देश बनाएको हेर्ने कत्रो रहर थियो । खाली फेसबुक, एक्स, केही अनलाइनहरूले दिने ओभर स्पेसमा मात्र देखिने भयो ।

दलहरू आगामी निर्वाचनमा प्रधानमन्त्रीको उम्मेदवार घोषणा गरेर जाने तयारीमा छन् । सम्भावित प्रमले देशका राजनीतिक, सामाजिक र आर्थिक समस्याहरूलाई कसरी समाधान गर्नेछन् र समुन्नत नेपालको परिकल्पना कसरी गरेका छन् जनतासामु ल्याउनु आवश्यक छ । यस विषयमा गम्भीर बहस र स्पष्ट दृष्टिकोण प्रस्तुत गरौं ।



राजेश लुइँटेल

मध्यान्ह दैनिकका लागि लेख, विचार, टिप्पणी इमेल : article.madhyanhadaily@gmail.com मा पठाउन सक्नुहुने छ । तपाईंले पठाएका सामग्रीलाई उचित स्थान दिइने छ । - सं.

### रौतहट- १ मा चुनावी सरगर्मी

# विरासत जोगाउने दाउमा नेपाल, चुनौती दिँदै युवा अनुहार



**सत्येन्द्र प्रताप सिंह/मध्यान्ह**
रौतहट, १० माघ

नेपाली राजनीतिको केन्द्रविन्दुमा रहँदै आएको रौतहट क्षेत्र नम्बर १ मा यसपटकको प्रतिनिधि सभा निर्वाचन निकै रोचक र चुनौतीपूर्ण मोडमा आइपुगेको छ।

नेपाली कम्युनिस्ट पार्टीका सह-संयोजक तथा पूर्वप्रधानमन्त्री माधवकुमार नेपाल पुनःयसै क्षेत्रबाट चुनावी मैदानमा उत्रिएका छन्। २०७९ सालको निर्वाचनमा वाम-लोकतान्त्रिक गठबन्धनको बलमा निर्वाचित भएका नेपालका लागि यसपटकको बाटो भने पहिलेको जस्तो सहज देखिँदैन।

एकातिर आफ्नै राजनीतिक विरासत जोगाउनुपर्ने दबाब छ भने अर्कोतिर युवा र नयाँ अनुहारहरूको तीब्र उदयले उनको वर्चस्वमाथि प्रश्नचिह्न खडा गरिदिएको छ।

२०७९ को निर्वाचनमा नेपाली कांग्रेस र माओवादी केन्द्रको साथ पाएका नेपालले नेकपा एमालेका अजय कुमार गुप्तालाई पराजित गरेका थिए। तर सो जित पनि निकै झिनो मतान्तरको थियो।

यसपटकको मुख्य फेरबदल भनेको गठबन्धनको अभाव हो। कुनै पनि ठुला दलसँग चुनावी तालमेल नगरी नेपाल एक्लै मैदानमा होमिएका छन्।

राजनीतिक विश्लेषकहरूका अनुसार यसपटक माधव नेपालका अगाडि चुनौतीका चाङहरू छन्। पतञ्जली योगपीठको जग्गा प्रकरणमा उनीमाथि लागेको भ्रष्टाचार मुद्दा विशेष अदालतमा अझै विचाराधीन छ। यदि अदालतले दोषी ठहर गरेमा निर्वाचित भए पनि उनको सांसद पद रहने छैन, जसले गर्दा मतदातामा एक प्रकारको संशय पैदा भएको छ। जेन्जी युवापुस्ता र नयाँ मतदाताहरू पुराना अनुहार भन्दा डेलिभरी दिन सक्ने नयाँ नेतृत्वको खोजीमा छन्। लामो समय सत्ता र शक्तिमा रहे पनि स्थानीय स्तरमा जनताका दैनिक समस्यामा उनी प्रत्यक्ष रूपमा जोडिन नसकेको आरोप लाग्दै आएको छ।

यसपटक रौतहट १ मा सबैभन्दा बढी चर्चामा रहेका उम्मेदवार हुन्, जसपा नेपालका योगेन्द्र राय यादव। सबै उम्मेदवारमध्ये कान्छो उमेरका भएकाले उनलाई युवापुस्ताले आफ्नो प्रतिनिधिको रूपमा स्वीकारेका छन्। राज्यमन्त्री रहँदा उनले गरेको जनमुखी कार्य र युवाहरूका लागि सिर्जना गरेका अवसरले उनको पक्षमा माहोल सिर्जना गरेको छ। माधव नेपाल र योगेन्द्र यादव मात्र नभइ, अन्य प्रतिस्पर्धीहरू पनि बलियो तयारीका साथ मैदानमा छन्।

गत निर्वाचनमा कडा टक्कर दिएका नेकपा एमालेका अजय कुमार गुप्ता यसपटक आफ्नो पराजयलाई जितमा बदल्ने रणनीतिमा छन्। यद्यपि, रास्वपाका उम्मेदवारले उनको केही मत काट्न सक्ने अनुमान गरिएको छ।

अनिल कुमार झा (नेपाली कांग्रेस) २०७४ का विजेता यसपटक कांग्रेसको चुनाव चिह्न लिएर मैदानमा छन्। तर पार्टीभित्रको आन्तरिक असन्तुष्टि र बाहिरबाट आएर टिकट लिएको आरोपले उनलाई केही कठिन बनाउन सकिने देखिएको छ।

घण्टीको लहर र पुराना दलप्रतिको वितृष्णालाई क्यास गर्दै रास्वपाका राजेश चौधरी पनि प्रतिस्पर्धामा छन्, जसले विशेषगरी सहरिया र युवा मत प्रभावित पार्न सक्छन्।

# 'अस्मिता थापा ओखलढुंगा जिल्लाकै सर्वाधिक लोकप्रिय उम्मेदवार'

ओखलढुंगा/मस-नेकपा (एमाले) का प्रभावशाली नेता तथा पूर्वसांसद यज्ञराज सुनुवारले ओखलढुंगाबाट प्रतिनिधिसभाको उम्मेदवार रहेकी नेतृ अस्मिता थापा जिल्लाको हकमा युवा पुस्ताकाबीचमा सर्वाधिक लोकप्रिय उम्मेदवार रहेको दाबी गरेका छन्।

उनले सधैं एउटै व्यक्तिले अवसर पाउने कुरा एमालेजस्तो पार्टीमा असम्भव रहेको भन्दै विगतमा एमालेले महत्वपूर्ण जिम्मेवारीमा पुऱ्याएका कतिपय व्यक्तिको कर्म र अभिव्यक्तिबाट भने आफूहरु अचम्मा परेको टिप्पणी गरेका छन्। सुनुवारले शनिबार एक अपिल जारी गर्दै अनेकौं षड्यन्त्रका बीच एमालेको विजय यात्रालाई कसैले रोक्न नसक्ने निश्चित रहेको पनि दाबी गरेका छन्।

उनले नेकपा एमाले ओखलढुंगा यतिबेला आगामी फाल्गुन २१ गते हुन गईरहेको प्रतिनिधि सभाको निर्वाचनमा ऐतिहासिक विजयको लक्ष्य सहित अघि बढी रहेको उल्वेख गर्दै भने, 'यतिबेला हाम्रो विजयी यात्रालाई रोक्न भित्र अनि वाहिरवाट अनेकन षड्यन्त्र भईरहेका छन्। हाम्रो पार्टीले यस निर्वाचनमा पहिलो पटक एक जना शशक्त महिला,युवा उम्मेदवार कमरेड अस्मिता थापालाई अघि सारेको सर्वविदितै छ।

# 'ग्रो योर सेल्स टेन एक्स' आयोजना हुँदै




**काठमाडौं/मस-** बिक्री, व्यवसाय र नेतृत्व विकासकका लागि 'ग्रो योर सेल्स टेन एक्स' कार्यशाला हुने भएको छ। कार्यशालाको मुख्य उद्देश्य नेपाली उद्यमी, व्यवसायी, सेल्स प्रोफेसनल र नयाँ पुस्ताका लिडरहरूलाई आफ्नो बिक्री १० गुणासम्म बढाउने रणनीति प्रदान गर्ने हो। सहभागीहरूले ग्राहकको मनोविज्ञान बुझ्ने, प्रभावकारी बिक्री प्रस्तुति दिने, विश्वास निर्माण गर्ने, प्रतिस्पर्धी बजारमा आफूलाई कसरी अलग देखाउने र आफ्नो व्यक्तिगत ब्रान्डलाई शक्तिशाली बनाउने तरिका सिक्ने छन्।

वर्कशप साधारण तालिम मात्र नभई व्यवसाय र जीवन रूपान्तरण गर्ने प्रिमियम अनुभवका रूपमा डिजाइन गरिएको आयोजकले जनाएको छ। माघ १४ गते काठमाडौंको सेल्टीमोडस्थित ह्यायात सेन्ट्रिकमा 'ग्रो युओर सेल्स टेन एक्स' लिडरसिप वर्कसप ४.० प्रशिक्षक सन्तोष लामाले नेतृत्व गर्ने छन्। ब्रेक थ्रो लाइफद्वारा आयोजना गरिएको हो भने यसको इभेन्ट व्यवस्थापन तथा मार्केटिङ पार्टनरको रूपमा केसरी एभटाइजिङ एण्ड मार्केटिङले गरेको हो।

## कम्पनीको नाम परिवर्तन गरिएको सूचना

**दोस्रो पटक प्रकाशित मिति २०८२/१०/११**

यस कम्पनीको मिति २०८२/०८/२२ को शेयरधनीको निर्णय बमोजिम साविकको कम्पनी **टाइम्स कन्सल्टिङ एण्ड वेस्ट म्यानेजमेन्ट सोलुसन्स प्रा.लि.** (Times Consulting And Waste Management Solution Pvt Ltd) (दर्ता नं. ३०९९७९) को नाममा रहेको सम्पूर्ण चल अचल सम्पत्ति तथा तिर्नु व्यहोर्नुपर्ने कर, दायित्व आदि परिवर्तित नामको कम्पनीले सकार्ने गरी कम्पनी रजिष्ट्राको कार्यालयको मिति २०८२/०८/२४ को निर्णय अनुसार कम्पनीको नाम परिवर्तन गरी **टाइम्स ईन्भेष्टमेन्ट एण्ड प्रोपर्टी म्यानेजमेन्ट प्रा. लि.** (Times Investment And Property Management Company Private Limited) कायम गरिएको जानकारी गराईन्छ।

## Invitation for Bids

# Patarasi Rural Municipality
# Office of The Rural Municipal Executive

**Lasi, Jumla**
**Karnali Province, Nepal**
**Frist Date of publication: 25/01/2026**

1. The Office of The Patarasi Rural Municipality, Jumla invites electronic bids from registered firms for the following works under NCB Single Stage Single Envelope (1S1E) uploadable as shown in table below.

**Details of work**

| S. N. | Contract Identification No. | Brief Description of Work/Site | Estimated Amount including VAT 13% | Bid Security Amount (Rs.) | Deadline for Bid document purchasing date and time | Deadline for Bid submission date and time | Bid Opening Date and Time | Bid document Amount (Rs.) |
|---|---|---|---|---|---|---|---|---|
| 1 | NCB/Work/20 82/083/PRM03 | Construction of Office Building, Patarasi Rural Municipality-1, Jumla | 1,28,27,504.04 | 3,75,000.00 | 25/01/2026 12:00 pm To upto submission date & time | 23/02/2026 12:00 pm | 23/02/2026 14:00 pm | 3,000.00 |

2. Eligible Bidders may obtain further information and inspect the e-bidding documents at the office of the Patarasi Rural Municipality, Jumla , Phone no: 9767866977/9848326857 and from PPMO web portal: www.bolpatra.gov.np/egp.
3. Any provisions which are not mentioned in this notice will be consistent with Public Procurement Act (PPA), 2063 Public Procurement Regulations (PPR), 2064 and other prevailing Nepalese Laws.

**Chief Administrative Officer**

# डोल्पो बुद्ध गाउँपालिका
# དོལ་པོ་བུདྡྷ་གྲོང་སྡེ་སྤྱི་ཁྱབ་ལྷན་ཁང་།
# Dolpo Buddha Rural Municipality
# गाउँ कार्यपालिकाको कार्यालय

**धो, डोल्पा**
**कर्णाली प्रदेश, नेपाल**

## Invitation for Electronic Bids

**Date of publication: 2082-10-11 BS (25-01-2026)**

1. ***Dolpo Buddha Rural Municipality, Office of the Rural Municipal Executive, Dho Dolpa*** invites electronic bids from Nepalese eligible bidders for the construction of following works under National Competitive Bidding procedures.

| S.N. | Description of Works | Contract ID | Estimated Amount (Inclusive of VAT and PS.) | Bid Security Amount (Nrs.) |
|---|---|---|---|---|
| *i.* | *Tinje Health Post Building Construction* | *DBRM/DOLPA/WORKS/ NCB/10/2082-083* | *NRS. 1,04,05,025.36 /-* | *2,50,000.00/-* |
| *ii.* | *Tinje Birthing Center Building Construction* | *DBRM/DOLPA/WORKS/ NCB/11-2082/083* | *NRS. 48,67,100.49 /-* | *1,20,000.00/-* |

| Bank Details to deposits the fee for Bidding document and Bid Security | | | | |
|---|---|---|---|---|
| Name of Office : ***Dolpo Buddha Rural Municipality, Dho Dolpa*** Name of Bank : ***Rastriya Banijya Bank Limited, Dolpo Buddha Branch*** | Revenue Account No. (For Bidding Documents) : **4540100301010002** | Rajaswa Shirshak No : ***14229*** | Account for Bid Security : ***4540100303000002*** | Bidding Document Fee: ***NRs 3,000/-*** |

2. Electronic bids must be submitted through ***PPMO*** website ***www.bolpatra.gov.np/egp*** on or before ***12:00*** on ***2082-11-12 BS***. Bids received after this deadline will be rejected.
3. The bids will be opened in the presence of Bidders' representatives who choose to attend at ***13:00*** on ***2082-11-12 BS*** at the office of ***Dolpo Buddha Rural Municipality, Office of the Rural Municipal Executive, Dho Dolpa***.
4. Eligible Bidders may obtain further information and inspect the Bidding Documents may visit ***PPMO*** website ***www.bolpatra.gov.np/egp.***

***Chief Administrative Officer***

# ज्योत्सनाले ल्याइन् ‘पिरिम लाउ है’

काठमाडौं/मस-पत्रकार तथा उदाउँदै गरेकी प्रतिभाशाली कलाकार ज्योत्सना घिमिरेको मुख्य अभिनय रहेको ‘पिरिम लाउ है’ बोलको गीत सार्वजनिक भएको छ ।

चर्चित गायिका रचना रिमाल, गायक तथा सर्जक यादव घिमिरेको स्वर रहेको आधुनिक नेपाली गीत ‘पिरिम लाउ है’ हालै यादव घिमिरे अफिसियल युट्युब च्यानलमार्फत सार्वजनिक भएको हो ।

यस गीतको शब्द सम्पादन संस्कृतविद् आचार्य नवीन गौतमले गरेका हुन् । गीतमा नेपाली समाजको सांस्कृतिक चेतना र जीवनदर्शनलाई अर्थपूर्ण ढंगले प्रस्तुत गरिएको छ ।

विशाल निरौलाले संगीत संयोजन गरेको गीतका शब्दहरू ठेट नेपालीपनलाई बोक्ने खालका छन् । मानिसलाई बाँच्न प्रेरित गर्ने स्मृतिसँग जोडिएका प्रतीकको प्रयोगले गीत सान्दर्भिक बनेको छ ।

यस गीतको म्युजिक भिडियोको निर्देशन, सम्पादन तथा रंग संयोजन एकान्त मगरले गरेका हुन् भने म्युजिक भिडियोको छायांकन सञ्जोक श्रेष्ठको रहेको छ । नृत्य निर्देशन रोहित बस्नेत र आशिष राईले गरेका छन् । गीतको छायांकन बोडे कुमारी मन्दिर र कमलपोखरीमा गरिएको कलाकार घिमिरेले जानकारी दिइन् ।




गीत आधुनिक भए पनि गीतमा भाषा, भाव र दृश्य संयोजनमार्फत मौलिकतालाई बेजोड ढंगले अभिव्यक्त गरिएको छ ।

यस गीतबारे कलाकार घिमिरे भन्छिन्, ‘पिरिम लाउ हैमा काम गर्नु मेरा लागि भावनात्मक रूपमा पनि विशेष रह्यो । किनकि यो मेरो आफ्नै दाइ यादव घिमिरेको सिर्जना हो । गीतको शब्द र संगीतमा रहेको माटोको गन्ध र सरल प्रेमभावले मलाई सुरुदेखि नै आकर्षित गऱ्यो । यो हामीले धेरै मिहिनेत गरेर बनाएको गीत हो, सबैले हेरिदिनु होला ।’


## Chainpur Municipality
## Office of the Municipal Executive
**Chainpur, Sankhuwasabha**
**Koshi Province**

### Invitation for Bids

**Date of Publication:2082/10/11(25-01-2026)**
**IFB: W/05/082/083**

1. Chainpur Municipality invites electronic bids from Nepalese eligible bidders for the Construction of Multi- Purpose Community Building Chainpur-11 under National Competitive Bidding procedures. The estimated amount for the works is Rs. 21,24,932 (exclusive VAT & Ps item].
2. Eligible Bidders may visit PPMO website www.bolpatra.gov.np/egp.

## Bishnu Rural Municipality
## Office of the Rural Municipal Executive
**Simara, Sarlahi, Nepal**

### Invitation for Bids

**Date of publication: 2082/10/11 (25 Feb 2026)**

Bishnu Rural Municipality invites Electronic bid from eligblebiders as perdetails given below under NCB Works procedures .

| S. N. | Name of Contract | IFB No. | Bid fee | Bid Security /Bid Bond | Last date of bid purchase | Last date of bid submission | Bid Opening | Pre Bid meeting |
|---|---|---|---|---|---|---|---|---|
| 1 | Constructions of School Building (Janata Tej Narayan Dayawati Ma.Vi., Ma.Vi. Madhuwan, Prathamik bidhyalay Baraudhoran) | NCB/BRM/ WORKS/01/2082/083 | 10,000 | 2900000 | 2082/11/12 (2026/02/24) 11:00 | 2082/11/12 (2026/02/24) 11:00 | 2082/11/12 (2026/02/24) 13:00 | 2082/11/01 (2026/02/13) 11:00 |
| 2 | Bridhashram Bhawan Nirman ko Apug thap bhawan tatha Compound wall Nirman | NCB/BRM/ WORKS/02/2082/083 | 5,000 | 1650000 | 2082/11/12 (2026/02/24) 11:00 | 2082/11/12 (2026/02/24) 11:00 | 2082/11/12 (2026/02/24) 13:00 | 2082/11/01 (2026/02/13) 11:00 |
| | **Bank Details** :- Nabil Bank Ltd., Bishnu Rural Municipality, Sarlahi. 1. Aantarik rajaswakhata**22201017500031** for Bid fee, 2. Dharautikhata**22201017500023** for Bid security/Bid bond | | | | | | | |

Biders can download Bid Documents from PPMO's EGP Portal under public entity Name :- Bishnu Rural Municipality, Sarlahi

## Vyans Rural Municipality
## Office of the Rural Municipal Executive
**Sunsera, Darchula**
**Sudurpaschim, province Nepal**

### Invitation of Electronic Bids

**Date of publication: 25 Jan 2026 (2082/10/11)**

Vyans Rural Municipality invites electronic bids from eligible bidders through Single Stage Two Envelope Bidding for the following works under NCB procedures.

| S. N. | Description of works | Bid Security Amount (NRs.) | Bid Document Fee (NRs.) | Bid Submission Deadline Date and Time | Technical Bid Opening Date and Time |
|---|---|---|---|---|---|
| 1. | *RM/NCB/Works-02/2082-083 Construction of Dokat Lifting Khanepani Aayojana* | 8, 00,000 | 5,000 | 24-Feb-2026 11:00Hrs | 24-Feb-2026 12:00 Hrs |

Only e-submission of Bid is allowed and the bidding documents for e-submission can be downloaded from PPMO's e-GP system at www.bolpatra.gov.np/egp. Bidders, submitting their bid electronically, should deposit the cost of bidding document in the bank account specified in the bidding document.

In case, the last date of submission opening date of bid falls on a government holiday, then the next working day will be considered as the last date and time will remain same as stipulated in this notice.

**Chief Administrative Officer**

## Shree Jaya Bhadrakali Basic School
**Budhanilkantha-01**

### Invitation for Quotations

**Invitation for Quotations for the Construction of Truss Structure in Shree Jaya Bhadrakali Basic School, Budhanilkantha -01**
**Contract Identification No: SQ/JBS/CW/082_083/01**
**Date of publication: 2082/10/11**

1. The Shree Jaya Bhadrakali Basic School invites sealed quotations for the construction of **Truss Structure in Shree Jaya Bhadrakali Basic School, Budhanilkantha-01**. The estimated amount for the works is **19,97,886.87** including VAT and PS.
2. Eligible Bidders may obtain further information and inspect the Bidding Documents at the office of **Shree Jaya Bhadrakali Basic School, Budhanilkantha-01, Taulung, Kathmandu, Telephone No.: 01-4372799 and Email address: bjayabhadrkali@gmail.com**.
3. A complete set of Bidding Documents may be purchased from the office **Shree Jaya Bhadrakali Basic School, Budhanilkantha-01, Taulung, Kathmandu** by eligible Bidders on the submission of a written application, along with the copy of company/firm registration certificate, and upon payment of a non-refundable fee of Rs. 1000.00 till **2082/10/25 during office hours**. **OR** Bidders should deposit the cost of bidding document in the following account.
   Account Name: SHREE JAI BHADRAKALI ADH. VI
   Name: Prabhu Bank Limited
   Bank Address: Hattigauda, Kathmandu
   Account Number: 1000110983900019
4. Sealed bids must be submitted to the office Shree Jaya Bhadrakali Basic School, Budhanilkantha-01, Taulung, Kathmandu] by hand before 12:00 pm on **2082/10/26**. Bids received after this deadline will be rejected.
5. The bids will be opened in the presence of Bidders' representatives who choose to attend at **[2082/10/26, 2:00 pm** at the office of **Shree Jaya Bhadrakali Basic School, Budhanilkantha-01**. Bids must be valid for a period of 45 days after bid opening and must be accompanied by a bid security amounting to a minimum of **50,000.00** (Fifty Thousand only), which shall be valid for 30 days beyond the validity period of the bid (i.e. 2083/01/11).
6. If the last date of purchasing and /or submission falls on a government holiday, then the next working day shall be considered as the last date. In such case the validity period of the bid security shall remain the same as specified for the original last date of bid submission.
7. Bidders shall submit upto date copy of Firm/Company Registration Certificate, Business Registration Certificate (License), PAN/VAT Registration Certificate, Tax Clearance Certificate of FY 2081/82, Power of Attorney and Letter of Bid and other documents as mentioned in eligibility criteria of Bid documents.

**Bagamati Province Government**
**Ministry of Physical Infrastructure Development**

## Transport Infrastructure Directorate
## Infrastructure Development Office
**Charikot, Dolakha**

### Invitations for bids

**IBF NO:-IDODLK/IFB-07/2082/83**
**Date Of Invitation OfBid:-Jan.25, 2026(2082/10/11)**

1. Government of BagamatiProvince has allocated fundtowards the cost of Procurement of following Road Maintenance/Upgrading works mentioned in table. Bidding is open to all eligible bidders as per Section V of bidding documents.
2. Infrastructure Development Office, Dolakha invites electronic bids from eligible bidders under National Competitive Bidding – Single Stage Two Envelope Bidding procedures. Only eligible bidders with the following key qualifications mentioned in table should participate in this bidding.
3. Eligible Bidders may obtain further information and inspect the Bidding Document at the office of Infrastructure Development Office, Dolakhaor may visit PPMO e-GP system www.bolpatra.gov.np/egp.
4. Bidder should submit their bid electronically and may download the bidding document for e-submission from PPMO's e-GP system www.bolpatra.gov.np/egp. Bidders should deposit amount of NRs. 5000 as the cost of bidding document in the Office's Rajaswa (revenue) account as specified below. Information to deposit the cost of bidding document in Bank:
   Name of the Bank: Nepal Bank Ltd., Charikot, Dolakha Name of Office: Infrastructure Development Office, Dolakha
   Office Code no.: 3370123013 Office Account no.: 27202000001001000001 Rajaswa (revenue) Shirshak no.: 14229
5. Pre-bid meeting shall be held at Infrastructure Development Office, Dolakha on 2082/11/01 (13th February2026) at 11:00 hrs.
6. Electronic bids must be submitted to the office through PPMO's e-GP system www.bolpatra.gov.np/egp on or before 12:00 hrs on 2082/11/12 (24th February 2026).
7. The bids will be opened in the presence of Bidders' representatives who choose to attend at 13:00 hrs on 2082/11/12 (24th February 2026) at the office of Infrastructure Development Office, Dolakha. Bids must be valid for 90 daysafter bid opening and must be accompanied by a scanned copy of the bid security in pdf format amounting to a minimum as mentioned in table, which shall be valid for 30 days beyond the validity period of the bid.
8. If the last date of submission falls on a government holiday, then the next working day shall be considered as the last date. In such case the validity period of the bid security shall remain the same as specified for the original last date of bid submission.

| S. N | Description of Work and Contract Id No. | Bid Security Amount NRS | AACT NRS | Value of work that is similar in size and nature |
|---|---|---|---|---|
| 1 | Upgrading of Bhrikot Jhule Chhaude Sadak (Baki Khanda), Tamakoshi Ga. Pa. ra Baiteshwor Ga. Pa., Dolakha (Ch.4+250 to Ch. 6+000 km) (IDODLK/W/NCB/109/082/083) | 1.315 Millions | 79 Millions | Construction/Maintinance/ Upgradation of at least one Gravel Roads or Bituminous roads or Rigid Pavement roadswith value of NRs. 21.03 million |

**Office Chief**

# नेपालले जिम्बाब्वेलाई हरायो, सुपर सिक्समा नेपालको सम्भावना जीवितै

**काठमाडौं/मस–** नेपालले जिम्बाब्वेलाई हराउँदै घरेलु मैदानमा जारी आइसिसी महिला टी–२० विश्वकप ग्लोबल छनोटको सुपर सिक्समा पुग्ने सम्भावना जीवितै राखेको छ ।

